# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

कृपया हाम्रा भिडियोहरु हेर्न eratokhabar युटुब च्यानलमा गई Subscribe गर्नुहोस्।

रातो खबर अब YouTube मा पनि



भिडियो सामग्रीहरु हेर्न www.eratokhabar.com पेजमा गई हेर्न सकिनेछ।

वर्ष ४, अङ्क १५, पूर्णाङ्क १६१ | २०७५ असोज ३ गते बुधबार | Wednesday, 19 Sep 2018 | www.eratokhabar.com | मूल्य रु. १०

# संविधानका तीन वर्ष

## जनतामा निराशा, राष्ट्रियतामा जोखिम, जनजीविका कष्टकर

■ रातो खबर संवाददाता/काठमाडौं

२०७२ सालमा घोषणा गरिएको नेपालको संविधान कार्यान्वयनमा आएको तीन वर्ष पुगेर चार वर्ष लाग्दैछ । संविधान निर्माण र घोषणाका क्रममा सबैतिरबाट व्यापक विरोध भएको मात्र होइन, विरोधका क्रममा भएका आन्दोलनमा भएको दमनमा कयौं आन्दोलनकारीको हत्या भएको थियो । व्यापक विरोध, असहमति र आन्दोलन हुँदाहुँदै पनि तत्कालीन तीनवटा पार्टी काङ्ग्रेस, एमाले र माओवादी केन्द्रले संविधान घोषणा गरेका थिए । यही संविधानको विरोधका क्रममा मधेसवादी दलको आवरणमा भारतले ६ महिना नेपालमाथि नाकाबन्दी पनि लगाएको थियो ।

उक्त संविधानको प्रस्तावनामा 'समाजवादप्रति प्रतिबद्ध' भन्ने वाक्यांश राखिएको छ । त्यही संविधानमा राखिएको प्रावधानअनुसार सात सय ५३ वटा स्थानीय तह, सातवटा प्रदेश र सङ्घको चुनाव सकिएर उक्त स्थानहरूमा सरकार गठन भएको पनि एक वर्ष पुगिसकेको छ । तर सरकारले संविधानमा किटान गरिएका र सरकारमा रहेका पार्टीहरूले




चुनावी घोषणापत्रमा व्यक्त कुनै पनि बाचा र प्रतिबद्धता पूरा गरेका छैनन् ।

सङ्घीय सरकार फागुन ३ गते गठन भएपछिका सात महिना पुगेर आठ महिना लाग्दै गर्दा सबैभन्दा बढी जनताको सुरक्षा हुन सकेको छैन । महिलाहरूमाथि दिनदिनै बलात्कारपछि हत्याका घटना भैराखेका छन् । कञ्चनपुरकी बालिका निर्मला पन्तलाई बलात्कार र हत्या गर्नेको खोजी हुन सकेको छैन ।

संविधान २०७२ मा किटान गरिएका राजनीतिक र मौलिक अधिकारको यो सरकारले सबैभन्दा बढी खिल्ली उडाएको छ । राजनीतिक पार्टी र सङ्गठनमाथि अघोषित प्रतिबन्द लगाइएको छ । शान्तिपूर्ण क्रियाकलापमा लागेका नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डलगायत पाँचजना पोलिटब्युरो सदस्य चारजना केन्द्रीय सदस्यलाई झूट्टा मुद्दा लगाएर सर्वोच्च अदालतले रिहा गर्न आधा दर्शन आदेश दिँदा पनि विभिन्न जिल्ला घुमाइराखेको छ । अन्य राजनीतिक पार्टी र सङ्गठनहरूलाई पनि विरोध गर्न दिइराखेको छैन ।

महँगी तीन सय प्रतिशतसम्म बढेर गएको छ । दुई साताको बीचमा दुईपटक अत्यावश्यक पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिसकेको छ । चाडबाडको नजिक आएर चिनीमा सरकारले नै सिन्डिकेट लगाएर जनतालाई महँगो चिनी किन्न बाध्य पारिराखेको छ । विकास निर्माण कि त ठप्प छ, कि त स्तरीय छैन ।

यो सरकार गठन भएपछि छिमेकी राष्ट्रहरूबीचको कूटनीतिक सम्बन्ध झनै बिग्रिएर गएको छ । मूलतः भारत र चीनसँगको सन्तुलनात्मक सम्बन्धमा असन्तुलन पैदा भएको

... बाँकी पृष्ठ ७ मा

## ठग म्यानपावर सञ्चालकलाई कालोमोसो



■ रातो खबर संवाददाता/पोखरा

ठगी, महिला बेचबिखनलगायत अवैध धन्दा सञ्चालन गर्दै आएको पोखराको लक्की म्यानपावर सञ्चालकलाई नेकपाको योङ रेड फोर्स नेपाल कास्कीले कालोमोसो दलेर कारबाही गरेको छ । उक्त म्यानपावरका सञ्चालक रसबहादुर गुरुङलाई रेड फोर्सले आइतबार कालोमोसो दलेर कारबाही गरेको हो ।

योङ रेड फोर्सले म्यानपावरमा तालाबन्दी गर्दै सञ्चालकलाई कालोमोसो दल्नुका साथै मेनपावर खारेज गर्न चेतावनी पनि दिएको छ । फोर्सले ५ बुँदे कारणसहितको नोटिस जारी गरी म्यानपारमाथि कारबाही गरेको हो ।

गुरुङले बिनाइजाजत अवैध रूपमा म्यानपावर सञ्चालन गर्दै दर्जनौं युवालाई विदेशमा अलपत्र पारेको नोटिसमा उल्लेख छ । उक्त कम्पनीले सेक्युरिटी कम्पनीका

... बाँकी पृष्ठ ७ मा

### नेताहरू भन्छन्-

## क्रान्तिकारी शक्तिबीच पार्टी एकता अपरिहार्य छ !

■ अम्बिका चन्द/काठमाडौं

नेपालमा क्रान्तिका लागि वस्तुगत वातावरण तयार भए पनि आत्मगत स्थिति कमजोर भएको भन्दै केही नेताले क्रान्तिकारी ध्रुवीकरणका पक्षमा जोड दिएका छन् । छरिएर रहेका कम्युनिस्ट क्रान्तिकारी शक्तिहरूबीच एकता हुनुपर्ने बहस चलिरहेको बेला खासगरी विप्लव नेतृत्वको नेकपा र मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) बीच पार्टी एकताको विषयले चर्चा पाउने गरेको छ । विगतमा जनयुद्धको विरासतबाट आएका यी दुई पार्टी तीन वर्ष पहिलेसम्म एउटै थिए । अहिले फेरि यी दुई पार्टीबीच एकताको विषयले क्रान्तिकारीहरूभित्र र बाहिर पनि चर्चा पाएको छ ।

यसैबीच जनयुद्धका एकजना योजनाकारसमेत मानिने नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' ले अब आफूहरू एक्लाएक्लै हिँड्न नहुने भन्दै पार्टीएकताको प्रक्रियामा अघि





बढेको बताएका छन् । विभिन्न खालका कम्युनिस्ट क्रान्तिकारीहरूसँग एकताको प्रयत्न गरिरहेको भन्दै वैद्यले पार्टी एकताका लागि विप्लव नेतृत्वको नेकपासँगको आफ्नो छलफल सकारात्मक दिशातिर अघि बढिरहेको बताए । साथै वैद्यले पार्टी एकताका विषयमा कुरा नमिल्दासम्म राष्ट्रियता, जनजीविकाका सवालहरू र हत्या, हिंसा, बलात्कार, कर, महँगीलगायत प्रश्नहरूमा कार्यगत एकता

बाँकी पृष्ठ ७ मा

## नेकपाको अभियान सुर्खेतका गाउँगाउँमा स्वास्थ्य शिविरलगायत जनसेवाका काम पनि सँगसँगै

■ रातो खबर संवाददाता/काठमाडौं

नेकपाले सुर्खेतमा स्वास्थ्य शिविरसँगसँगै अभियान उद्घाटन गरेको छ । अभियानको नेतृत्वकर्ता रविकिरण र जिल्ला इन्चार्ज हिमशिखरको नेतृत्वमा सुर्खेतमा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान संयुक्त रूपमा उद्घाटन भएको हो । स्वास्थ्य शिविरमा पहिलो दिन नै ७० जनाले स्वास्थ्य परीक्षण गराएर विभिन्न रोगको औषधी लगेको जानकारी त्यस क्षेत्रका अभियानकर्मीले दिएका छन् । स्वास्थ्य शिविर अभियानभर चल्ने बताइएको छ ।

नेपाल कम्युनिस्ट पार्टीले सञ्चालन गरेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान सुर्खेतमा व्यापक रूपमा सञ्चालन भइरहेको र अभियानमा जनताको उल्लेख्य सहभागिता रहेको जनाइएको छ । नेकपाका स्थानीय नेता-कार्यकर्ताले आफ्नो राजनीतिक अभियानमा जनताको बढ्दो आकर्षण दिनानुदिन बढिरहेको बताएका छन् । आफ्नो अभियानमा जनसहभागिता देखेर नै आतङ्कित बन्दै प्रशासनले शान्तिसुरक्षाको बहानामा सुर्खेतका विभिन्न ठाउँमा व्यापक रूपमा प्रहरी परिचालन गरिरहेको नेकपाले बताएको छ । आफ्नो शान्तिपूर्ण राजनीतिक गतिविधि गर्न पाउने संविधानप्रदत्त अधिकारमा समेत प्रशासनले बलप्रयोग गरेको बताएको छ । गाउँगाउँमा भेला-सम्मेलन गर्दै हिँडेका अभियानकर्मीसँग अत्तालिएर प्रशासनले सुर्खेतको पश्चिम क्षेत्रमा सशस्त्र र जनपद प्रहरी व्यापक रूपमा परिचालन गरेको नेकपा स्रोतले जनाएको छ ।

सुर्खेतका बाबियाचौर, तरङ्गा, पाम्का, तेलपानी, चेपाङ, बड्डीचौर, रानीघाटलगायत ठाउँहरूमा प्रहरीले अभियानकर्मीमाथि हस्तक्षेप गरेको बताइएको छ । आफ्नो अभियानलाई प्रभावित पार्न सरकारले अवलम्बन गरेका कुनै पनि हर्कतहरूबाट आफ्नो अभियान प्रभावित नहुने, बरु प्रतिरोध गरेर अगाडि बढ्ने नेकपाका अभियानकर्मीहरूको भनाइ छ ।

## फासिवादविरुद्ध लड्न वाम बुद्धिजीवीको आह्वान

### 'प्रकाण्डलगायत नेकपाका नेताहरूको गिरफ्तारी नेपाली फासिवाद'




■ गंगाप्रसाद चौलागाईं/काठमाडौं

'साम्राज्यवाद विरोधी मोर्चा' ले आइतबार आयोजना गरेको कार्यक्रममा वामपन्थी बुद्धिजीवी र सामाजिक अभियन्ताहरूले दक्षिणएसियामा फासिवाद नाङ्गो रूपमा आएको भन्दै त्यसविरुद्ध एकजुट भएर लड्न आह्वान गरेका छन् ।

कार्यक्रममा मोर्चाका संयोजक नरेन्द्रजङ्ग पिटरले दक्षिणएसियाका देशहरूमा धर्म र राजनीतिक पूर्वाग्रहलाई अधार बनाएर फासिवाद बढेको बताए । 'अरूका लागि नबोले आफ्नो लागि कोही बोल्दैन' भन्दै पिटरले नक्सलीको आरोपमा भारतमा सामाजिक अभियन्तामाथि गरिएको धरपकड र गिरफ्तारीको सबैले विरोध गर्नुपर्ने बताए । उनले मानवतावादको रक्षाका लागि फासिवादविरुद्ध लड्नुपर्ने आवश्यकता औंल्याए । 'फासिवादविरुद्ध सङ्घर्ष गर्नु भनेको जनतन्त्र, जनवाद, स्वतन्त्रता र मानवताको रक्षा गर्नु हो', उनले भने । नेपालको

बाँकी पृष्ठ ७ मा

## पुँजीवादका खराबीहरू

देश/परिवेश

■ विप्लव



⏭ गताङ्कबाट क्रमशः ....

### ३. आर्थिक खराबीहरू

पुँजीवाद आर्थिक दृष्टिले पनि खराब विशेषता भएको व्यवस्था हो । आर्थिक समाज र राज्यको मूल आधार हो । आर्थिक आधारमा नै समाज र राज्यका समग्र (राजनीतिक, सामाजिक, सांस्कृतिक) संरचनाहरू खडा भएका हुन्छन् । आजसम्मको समाज विकासमा मानवजतिले चारखालका आर्थिक सम्बन्धहरू पार गरेको छ, दासयुगीन, सामन्तवादी, पुँजीवादी र वैज्ञानिक समाजवादी आर्थिक सम्बन्ध । दासयुगको आर्थिक सम्बन्धले दास-मालिकहरूलाई, सामन्तवादी उत्पादन सम्बन्धले सामन्तहरूलाई र पुँजीवादी अर्थ-सम्बन्धले पुँजीपतिवर्गलाई सेवा गरेकाले ती राज्यका राजनीतिक, आर्थिक, सामाजिक संरचनाहरू जनताको हितअनुकूलका सम्बन्धहरू होइनन् । वैज्ञानिक समाजवादको अनुसन्धानपछि मात्र श्रमिकवर्ग र आम नागरिकहरूको हितअनुकूलको नयाँ आर्थिक सम्बन्ध विकास भयो । आज विश्वमा पुँजीवादी आर्थिक सम्बन्ध नै हाबी छ । पुँजीवाद हाबी भए पनि यसले जनता र नागरिकहरूको सेवा गर्न सकेको छैन । पुँजीवादले विश्वव्यापी रूपमा नागरिकहरूमा शोषण र लुट मात्र थोपरिरहेको छ । पुँजीवादले विश्वमा लादेका ती आर्थिक खराबीहरू निम्न रहेका छन् :

(क) भूमण्डलीकृत
(ख) अति-एकाधिकार
(ग) अति-केन्द्रीकरण
(घ) निगम चरित्र
(ङ) निजी स्वामित्वकेन्द्रित
(च) अत्यधिक श्रम-शोषण
(क) भूमण्डलीकृत

पुँजीवादको आर्थिक क्षेत्रमा रहेको खराबी यसको भूमण्डलीकृत चरित्र हो । सामान्यतः पुँजीवादको चरित्र अतिक्रमणकारी र अन्तर्राष्ट्रिय नै हुन्छ । परन्तु, २१ औं शताब्दीमा प्रवेशसँगै यो तीव्र रूपमा भूमण्डलीकृत बन्न पुगेको छ । विगतका सम्पूर्ण सीमाहरूलाई भत्काउँदै, तन्काउँदै र बहुआयामिक

क्रमशः पृष्ठ २ मा

वर्ष ४, अङ्क १५, पूर्णाङ्क १६१
रातो खबर साप्ताहिक

## सम्पादकीय

# सर्वोच्चको आदेश र सरकार

सबैलाई थाहा भएको कुरा हो- संसदीय व्यवस्थामा न्यायपालिका स्वतन्त्र हुन्छ भनिन्छ । नेपालमा पनि संविधान–२०७२ को घोषणा र कार्यान्वयनसँगै स्थापना भएको राज्य भनेको संसदीय व्यवस्था हो । राज्यसत्ताका मुख्य अवयव- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामध्ये संसदीय मान्यताअनुसार न्यायपालिका स्वतन्त्र र निष्पक्ष हुन्छ भनिन थालिएको छ । यद्यपि यो संविधान घोषणापछिका दिनहरूमा न्यायपालिका असाध्यै विवादित रहँदै आएको छ । मूल रूपमा प्रधानन्यायाधीश नियुक्तिको विषयलाई लिएर लामो समयसम्म विवादित रहँदै आयो । यसले संसदीय व्यवस्थामा न्यायपालिका स्वतन्त्र रहन्छ भन्ने भनाइमा सत्यता नरहेको पुष्टि भैराखेको छ । त्यहाँ पनि संसदीय फोहोरी खेलको हावाले प्रभावित पारिराखेको छ । संसदीय व्यवस्थामा सबैभन्दा बलियो पक्ष भनेको कार्यपालिका हो । व्यवस्थापिका र न्यायपालिका केवल औपचारिकतामा सीमित हुने गरेका छन् ।

अहिले न्यायपालिका, त्यसमा पनि सर्वोच्च अदालतमा दिनहुँजस्तो एकै प्रकारको मुद्दाले स्थान पाइराखेको छ । त्यो मुद्दा हो- नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्तामाथिको झूट्टा मुद्दामा राज्यले गिरफ्तार गर्ने, विशुद्ध राजनीतिक प्रतिशोध साधेर गरिएका यस्ता मुद्दाका विरुद्ध आफन्तहरूले पुनरावेदन गर्ने र सर्वोच्चलगायत प्रायः सबै अदालतहरूले मुद्दामा दोषी प्रमाणित नभएको भन्दै ससम्मान रिहा गर्न आदेश दिने गरिएको छ । यसरी अदालतले रिहाइको आदेश दिइसकेपछि ती नेता/कार्यकर्ताहरूलाई अदालत परिसरबाट नै पुलिसले अर्को कुनै मुद्दामा पक्राउ पुर्जी दिएर गिरफ्तार गर्ने गरेको छ ।

यसरी सर्वोच्चले निर्दोष करार गर्ने तर सर्वोच्चको गेटबाट नै गिरफ्तार पर्नेमा नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता खड्गबहादुर विश्वकर्मा पर्नुभएको छ । गत साउन २२ गते गिरफ्तार पर्नुभएका विश्वकर्मा अहिलेसम्म पाँचपटक सर्वोच्चले निर्दोष भनी रिहा गर्न आदेश दिने र सर्वोच्चकै गेटबाट पुनः गिरफ्तार भैराख्नुभएको छ । कहाँसम्म भने सर्वोच्चको फैसलापछि उहाँलाई रिहा गर्न गएका राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकको गाडीबाट नै पुलिसले खोसेर पुनः हिरासतमा राखेको थियो । यो शृङ्खला कायम नै रहेको छ । त्यसैगरी उक्त पार्टीका पोलिटब्युरो सदस्य गत असारदेखि नै थुनामा रहनुभएका पदम राई, साउन १० गतेदेखि लगातार त्यही प्रक्रियाबाट पीडित कृष्ण धमला, मोहन कार्की र ओम पुन, सरकारले वार्ता गर्ने घोषणा गरेको चार दिनपछि अर्थात् १२ गते गिरफ्तार पर्नुभएकी उमा भुजेल, केन्द्रीय सदस्यहरू टेकबहादुर केसी, दीपेश राई, चन्द्रबहादुर खड्का, देवनारायण शाहलगायत कैयौँ नेता-कार्यकर्ताहरूले यही नियति भोग्नुपरेको छ ।

यसरी सरकारले बिनाकारण गिरफ्तार गर्ने, न्यायालयले निर्दोष साबित गर्दै छाड्ने आदेश दिइरहेकाले नेपाल बार एसोसिएसनको केन्द्रीय परिषद्ले राज्यको यस्तो रबैयाको बैठकमा र वक्तव्यमार्फत नै विरोध जनाएको थियो । त्यसैगरी गत साता मात्र सर्वोच्च अदालतले आफूले गरेको फैसला लत्याउँदै प्रकाण्ड, उमा भुजेल, कृष्ण धमला र मोहन कार्कीलाई पुनः गिरफ्तार गरेपछि सर्वोच्च अदालतले भदौ २९ गतेका दिन सरकारका नाममा संविधान उल्लङ्घन गरेको आरोपसमेत लगाएको छ । उक्त फैसलामा भनिएको छ, 'मौलिक हकको प्रचलनका लागि यस अदालतबाट एउटै व्यक्तिको गैरकानुनी थुनाको सम्बन्धमा पटकपटक आदेश जारी गर्नु परेको सन्दर्भमा कहीँ यस अदालतको आदेश निस्तेज पार्ने र छल्ने प्रयत्न गरिएको त होइन भन्ने आशङ्का आभाससमेत हुन गएको छ । विधिको शासन भएको लोकतान्त्रिक मुलुकमा यस्तो कार्य कदापि क्षम्य हुन सक्दैन । यस अदालतले गरेको आदेशको मर्यादाको पालनाका लागि नेपालको संविधानको धारा १२८ (४) को अधीनमा रही अन्य उपयुक्त आदेशसमेत जारी गर्नुपर्ने अवस्था आउन सक्दछ ।'

संविधानको धारा १२८ (४) मा लेखिएको छ, 'मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्त सबैले पालन गर्नु पर्नेछ । सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानुनबमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ ।'

यसरी पाँचौँपटकसम्म सर्वोच्चको आदेशको अपहेलना गर्ने र राष्ट्रिय मानवअधिकार आयोगले यही मुद्दालाई लिएर चिठी पठाउँदासमेत गृहमन्त्री तीन दिनसम्म आयोगमा उपस्थित भएका छैनन् । यसरी यो व्यवस्थाअन्तर्गतको न्यायपालिका र कार्यपालिकाका बीचमा एक किसिमको द्वन्द्व भैराखेको छ । फेरि पनि प्रकाण्डलगायत निर्दोष राजनीतिकर्मीहरूलाई अदालतले छाड्ने फैसला गर्‍यो र सरकारले पुरानै रबैया देखायो भने के अदालतले उसले भदौ २९ गते राज्यका नाममा दिएको बयानअनुसार काम गर्छ ? हेर्न बाँकी छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# पुँजीवादका खराबीहरू

पृष्ठ १ बाट क्रमशः ....

बनाउँदै विश्वभर फैलिँदै गएको छ । यसले आफ्नो विकास, विस्तार, रक्षाका लागि सम्पूर्ण तरिकाहरूलाई प्रयोग गरिरहेको छ । उदाहरणार्थ, सरकारी, गैरसरकारी, व्यक्तिगत, संस्थागत, संयुक्त, एकल अनेकौँ तरिकालाई प्रयोग गरिरहेको छ । आफ्नो पक्षमा विज्ञान र प्रविधिलाई उत्तम सहयोगी बनाउन पुगेको छ । पुँजीवादी आर्थिक क्षेत्र भूमण्डलीकृत हुन पुग्नु भनेको पुँजीको शोषण, उत्पीडन र लुट भूमण्डलीकृत हुनु भनेको पनि हो । यो कतिसम्म गतिशील छ भने फाइदा छ जुनसुकै समयमा जुनसुकै कुनामा पनि पुग्न तयार छ; फाइदा छैन भने सुविधा सम्पन्न स्थानबाट पनि तुरुन्तै अन्त हिँडिहाल्छ । आज हामीले आर्थिक सूचनाहरूलाई केन्द्रित गरेर हेर्‍यौँ भने थाहा हुन्छ- विश्वमा ५ सय कम्पनी र निगमहरू विश्वका अधिकांश देशमा पुगेका छन् । यी संस्थाहरू कुनै एक देशका मात्र पनि छैनन्, पुँजीवादीहरू पनि संयुक्त रूपले पुँजीलाई भूमण्डलीकृत गर्नेमा लागिरहेका छन् । यसको अर्थ हुन्छ- विश्वको ठूलो जनसङ्ख्यालाई थोरै पुँजीवादीहरूले विश्वव्यापी रूपमा शोषण गरिरहेका छन् । भूमण्डलीकृत पुँजीको लुटमा सिङ्गो भूमण्डल पर्न पुगेको छ । विशेषतः भूमण्डलीकृत पुँजीको लुटमा कमजेर र विकासोन्मुख देश र ती देशका नागरिकहरू परिरहेका छन् ।

**(ख) अति–एकाधिकार**

एकाधिकार भनेको आर्थिक उत्पादन, बजर र मुनाफामा एकलौटी नियन्त्रण कायम गर्नु हो । प्रतिस्पर्धात्मक पुँजीवादलाई अन्त्य गर्दै साम्राज्यवादको विकास भएपछि पुँजीवादको यो चरित्र बन्न पुगेको हो । ठूलो पुँजीको निर्माण, विशाल उद्योगको विकास, ठूलो स्तरको माल उत्पादन र बजरमा एकलौटी नियन्त्रण, बजर नियन्त्रणका लागि राज्यसत्ताको प्रयोग गर्नु, राज्यका नियम-कानुन सबै आफूअनुकूल निर्माण गर्नु, प्रतिस्पर्धात्मक गुण निषेध गर्नु र युद्ध सञ्चालन यसको विशेषता हो । विश्वमा एकाधिकार पुँजीवादको विकास भएपछि विश्व अर्थतन्त्रमा मुट्ठीभर पुँजीपतिवर्गको हातमा पुँजी, उत्पादन र बजर नियन्त्रित हुन पुगेको छ । पुँजीको राष्ट्रिय चरित्र मासिँदै साना, मझौला र कम विकसित राष्ट्रहरूका साना, मझौला एवम् राष्ट्रिय उत्पादनहरू समाप्त हुँदै गएका छन् । उनीहरूले ठूलो र एकाधिकारवादी पुँजीसँग प्रतिस्पर्धा गर्न नसक्दा राष्ट्रिय अर्थतन्त्र र राष्ट्रिय विकासबाटै वञ्चित हुने स्थिति आएको छ । आत्मनिर्भर अर्थ-सम्बन्ध तहसनहस हुँदै गएको छ । एकाधिकार पुँजीको प्रभावले गर्दा जबर्जस्त दलाल पुँजीको विकास भइरहेको छ । कमजेर र विकासोन्मुख राष्ट्रहरू सम्पूर्ण क्षेत्रमा परनिर्भर र पराश्रित बन्दै गइरहेका छन् । आधुनिक वस्तुहरू मात्र हैन, दैनिक उपभोगका (चामल, पिठो, दाल, तेल, तरकारी आदि) वस्तुमा पनि बाहिरको भर पर्नुपर्ने भएको छ । पछिल्लो तथ्याङ्कअनुसार जम्मा ८५ जनाको हातमा विश्वको आधा जनसङ्ख्याबराबरको सम्पत्ति जम्मा हुन पुग्नु यसैको उदाहरण हो ।

**(ग) अति–केन्द्रीकरण**

अति-केन्द्रीकरण पुँजीवादको खराब चरित्र हो । अति-केन्द्रीकरण गर्नु भनेको पुँजीको स्वामित्व सीमित व्यक्ति र संस्थाको हातमा पुग्नु हो । साम्राज्यवादको विकासले यसलाई पैदा गरेको हो । आज पुँजीको केन्द्रीकरण मात्र नभएर अति-केन्द्रीकरण हुन पुगेको छ । देशको अर्थतन्त्र केही व्यक्ति र निगमको हातमा पुग्नु अनि विश्वको अर्थतन्त्र विश्वका केही निगम र व्यक्तिको हातमा पुग्नु यसको विशेषता हो । विश्व बैङ्क, विश्व मुद्राकोष, मुट्ठीभर वित्तीय संस्था, निगमहरू र कम्पनीहरूको हातमा विश्वको अर्थतन्त्रको नियन्त्रण हुनु यसको उदाहरण हो । विश्वका १ प्रतिशतको हातमा बाँकी ९९ प्रतिशतको सम्पत्तिभन्दा धेरै सम्पत्ति पुग्नु, ८५ जना खर्बपति मालिकको हातमा विश्वको आधा जनसङ्ख्या बराबरको सम्पत्ति थुप्रिन पुग्नु, एकातिर खर्बपतिको सङ्ख्या थपिँदै जनु वा थोरै पुँजीपतिको हातमा पैसा जम्मा हुन पुग्नु, अर्कोतिर विश्वको ठूलो जनसङ्ख्या मान्छेलाई चाहिने आधारभूत आवश्यकताबाट पनि बाहिर पर्दै जनु यसको नमुना हो । अर्थतन्त्रको यो चरित्रले गर्दा मानव-समाजमा असाध्यै विषमता र समस्या उत्पन्न गरिरहेको छ । नागरिकलाई एक गाँस खान र एउटा सिटामोल पाउने स्थिति छैन, अर्कोतिर समाल्नै नसक्ने पुँजीको थुप्रो लाग्न पुगेको छ । पुँजी मानव आवश्यकता र जीवनको समृद्धिका लागि नभएर विभेद र विपत्ति ल्याउने वस्तु भएको छ । यो पुँजीको अति-केन्द्रीकरणले ल्याएको समस्या हो ।

**(घ) निगम चरित्र**

निगम पुँजीको विकास पछिल्लो समयको पुँजीवादी आर्थिक विशेषता मानिन्छ । निगम पुँजी भनेको पुँजीको सङ्केन्द्रित, एकीकृत र बहुआयामिक रूप हो । यसले पुँजीपतिवर्गको पुँजीको रक्षा, उत्पादन, बजर परिचालन र मुनाफालाई नयाँ स्तरमा विकास गरिदिएको छ । यो कति केन्द्रीकृत छ भने वित्तीय संस्था, बजर, उद्योग, प्रविधि, शिक्षा, स्वास्थ्य, सूचना-सञ्चार सबैलाई नियन्त्रणमा लिँदै गएको छ । यसले अर्थतन्त्रलाई चौतर्फी रूपले आफ्नो नियन्त्रणमा लिनुको कारण यसलाई 'पुँजीको राक्षस' पनि भन्न मिल्छ । हरेक वस्तुलाई मुनाफाको कोणबाट निर्माण गर्ने, पुँजीपतिलाई कम जेखिममा राख्ने, मुनाफाका लागि राज्यलाई समेत प्रयोग गर्ने, राज्यका नियम, कानुन र विनियमहरू निगम पुँजीको आवश्यकताअनुरूप निर्माण गर्ने यसको विशेषता रहेको छ । पछिल्लो समयमा शक्ति राष्ट्रका राजनीतिक नेतृत्वसमेत निगम पुँजीको प्रभावद्वारा अस्तित्वमा आउने, हराउने, चुनाव जित्ने र हार्ने भइरहेका तथ्यहरू बाहिर आएका छन् । उदाहरणका रूपमा अमेरिका, ब्रिटेन, रुस, भारत, जर्मनी, फ्रान्सजस्ता देशहरूका नेतृत्व निर्माणमा निगम पुँजीपतिवर्गको प्रत्यक्ष नेतृत्व रहिरहेका तथ्यहरू सार्वजनिक भइरहेका छन् ।

**(ङ) निजी स्वामित्वकेन्द्रित**

पुँजीवादी आर्थिक चरित्र निजी स्वामित्वमा आधारित हुन्छ । आर्थिक सम्बन्धलाई मानवजतिको आवश्यकता पूर्ति गर्ने र समाजिक समृद्धिका लागि नभएर पुँजीवादले निजी स्वार्थ पूर्ति गर्ने, अरूमाथि शोषण र लुट मच्चाउने, मुनाफा सोहोर्ने, निजी वैभव र मोजमस्ती गर्नेमा प्रयोग गर्दछ । पछिल्लो समयमा पुँजीवादले निजी सम्पत्तिको स्वामित्वलाई यति असीमित बनाइदिएको छ जसको न कुनै आवश्यकता छ, न त त्यसको उपयोगिता नै छ । माथि पनि चर्चा गरियो कि केही व्यक्ति एक्लैसँग यति पुँजी र सम्पत्ति छ कि कैयौँ देशहरूको सिङ्गै पुँजीभन्दा दसौँ गुणा बढी छ । केही पुँजीपतिहरूको सम्पत्ति विश्वका आधा जनसङ्ख्याको पुँजीभन्दा बढी छ । आजको मितिमा अमेरिकन धनी एउटा बिल गेट्ससँग जति पुँजी छ, त्यो नेपाल देशको पुँजीभन्दा ९ गुणा बढी छ । यो पुँजी उक्त व्यक्तिका लागि न आवश्यक छ, न त्यसको उपयोगिता नै सही प्रकारले भएको छ । केवल यत्ति चर्चा हुने हो कि उनीसँग त्यति धेरै पैसा छ । अर्कोतिर विश्वको अर्बभन्दा बढी जनसङ्ख्या गाँस, बास, शिक्षा, स्वास्थ्य, सूचनाजस्ता

*पुँजीवादी मालिकहरुले उद्योग भएका देशका दलाल शासकहरुलाई उपयोग गरेर आफूअनुकूलका कानुन, ऐन, प्रशासकहरु निर्माण गर्न लगाई श्रमिकहरुमाथि असीमित शोषण गरिरहेका छन् । कामको समय लामो बनाउनु, श्रमिकलाई दिने ज्याला कम गरेर सस्तोमा श्रम गर्न बाध्य पार्नु, श्रमिकले कम्पनीबाट पाउने सुविधा कम गर्नु, कम्पनीले गर्ने अन्यायबारे न्याय खोज्न नपाउनु, श्रमिकहरुको रोजगारी मालिकको हातमा नियन्त्रित हुनु यसका विशेषता रहेका छन् ।*

आधारभूत आवश्यकताबाट वञ्चित छ । असीमित निजी स्वामित्वकै कारण विश्वले अतिक्रमण, हिंसा र युद्धको मार झेल्नुपरिरहेको छ । एउटा मानव-समाज, जति र परिवार सुविधा भोग गर्न र विकासमा निकै अगाडि, उही समाज र परिवारको एउटा हिस्सा निकै पछाडि छुट्ने भइरहेको छ । निजी स्वामित्वको कारणले नै देश, समाज, परिवारले समेत एकअर्काप्रति कटुता, अनेकता, कलह, टुटफुट, झैझगडा, हिंसा भोग्नु परिरहेको छ । निजी स्वामित्वकेन्द्रित अर्थ-चरित्र पुँजीवादको साह्रै खराब रहेको छ ।

**(च) अत्यधिक श्रम–शोषण**

श्रमिकवर्गमाथि अत्यधिक श्रम शोषण पुँजीवादको अर्को खराब चरित्र हो । मुख्य रूपले अल्प-विकसित र कमजेर देशहरूका श्रमिकहरूमाथि यसलाई प्रयोग गरिएको छ । पछिल्लो समयमा एकाधिकार एवम् निगम पुँजीपतिवर्गले आफ्ना कम्पनी र व्यापारलाई सस्तो श्रम भएका क्षेत्रहरू (चीन, मलेसिया, दक्षिणकोरिया, फिलिपिन्स, भारत, कतार, साउदी अरब, यूएई आदि) मा सारिरहेका छन् । ती उद्योगहरूमा नेपाल, भारत, पाकिस्तान, बङ्गलादेशजस्ता कम विकसित देशहरूबाट श्रमिकहरू लैजने गरेका छन् । पुँजीवादी मालिकहरूले उद्योग भएका देशका दलाल शासकहरूलाई उपयोग गरेर आफूअनुकूलका कानुन, ऐन, प्रशासकहरू निर्माण गर्न लगाई श्रमिकहरूमाथि असीमित शोषण गरिरहेका छन् । कामको समय लामो बनाउनु, श्रमिकलाई दिने ज्याला कम गरेर सस्तोमा श्रम गर्न बाध्य पार्नु, श्रमिकले कम्पनीबाट पाउने सुविधा कम गर्नु, कम्पनीले गर्ने अन्यायबारे न्याय खोज्न नपाउनु, श्रमिकहरूको रोजगारी मालिकको हातमा नियन्त्रित हुनु यसका विशेषता रहेका छन् । महिला श्रमिकको हकमा यो शोषण अरू क्रूर प्रकृतिको छ । महिला श्रमिकमाथि हुने शारीरिक, मानसिक, यौनउत्पीडन केवल महिलाका लागि मात्र लादिने फरक उत्पीडन हुन् । यो भनेको मालिकहरूद्वारा श्रमिकवर्गमाथि लादिएको अत्यधिक श्रम शोषण हो । पुँजीवादद्वारा लादिएको यो ज्यादै खराब र अमानवीय उत्पीडन हो ।

**४. सामाजिक खराबीहरू**

सामाजिक विशेषता मानव-समाज विकासको प्रारम्भिक आधारमध्ये एक हो । यसको विकास नै गोत्र, कबिला, जति, राष्ट्र हुँदै यहाँसम्म आएको छ । यसभित्र मानवको सामूहिकता, सहकार्य, संस्कृति, साझा जीवन पर्दछन् । दासयुग, सामन्ती युग, पुँजीवादी युग सबैमा यसका आफ्नै विशेषताहरू हुन्छन् तर पुँजीवादी व्यवस्थाको पछिल्लो चरित्रले मानवका सामूहिक र साझा विशेषताहरूलाई नराम्रोसँग भत्काइदिएको छ । मानवलाई अप्राकृतिक र अराजकतातिर धपाइरहेको छ । पुँजीवादका सामाजिक खराबीहरू निम्न रहेका छन् :

(क) सङ्कीर्ण र सङ्कुचित
(ख) विखण्डन
(ग) अमानवीयता
(घ) विध्वंसात्मक

(क) सङ्कीर्ण र सङ्कुचित

पुँजीवादले समाजलाई साँघुरो र सङ्कीर्ण सम्बन्धमा बाँध्दै लगेको छ । मानवीय सामाज फराकिलो संस्कार र सम्बन्धमा हुर्किँदै आएको समाज हो तर पुँजीवादले निजी स्वार्थ, परिवार, गुट, समूह, जति, धर्म, भूगोल, रङजस्ता साँघुरा घेरामा समाजलाई हुल्दै लगेको छ । पुँजीवादी सङ्कीर्णताले मानवलाई व्यापक सामाजिक र राजनीतिक सम्बन्धहरूबाट क्रमशः अलग गर्दै व्यक्तिकेन्द्रित र कुनै एक समूहको विशेषतामा कैद गर्दैछ । विश्वबाट देशलाई अलग, देशबाट जतिलाई अलग, जतिबाट आफ्नो गोत्रलाई अलग गर्ने र गोत्रबाट परिवारलाई अलग गर्दै आफू र आफ्नो समूहलाई सामाजिक गुणबाट अलग गर्दै सङ्कीर्ण सम्बन्धमा विसर्जन गर्नेतिर विश्वलाई बढाइरहेको छ । जति मान्छे साँघुरो र सङ्कीर्ण घेरामा बस्न वा बाँधिन पुग्छ त्यसको चरित्र त्यति नै साँघुरो र अमानवीय हुँदै जन्छ । पुँजीवादी समाजको यो खराब सामाजिक चरित्र रहेको छ ।

**(ख) विखण्डन**

सामाजिक विखण्डन पुँजीवादको अर्को सामाजिक खराबी हो । विखण्डन भनेको मानवजतिको सामूहिक र साझा विशेषतालाई भत्काइदिने र एक-अर्कामा अलग-थलग गरिदिने प्रवृत्ति हो । वर्गको नाममा होस्, जतिको नाममा होस् वा धर्मका नाममा, यसले समाजलाई एकअर्काविरुद्ध विभाजन ल्याउँछ । एकआपसमा पूर्वाग्रह, सङ्कीर्णता, वैमनस्य बढाउँदै लगेर विभाजन, भिडन्त र विखण्डन पैदा गर्छ । पुँजीवादका कारणले संसारभरि यस्तै भइरहेको छ । आफू मानवीयता, स्वतन्त्रता र आधुनिकताको नारा लिएर सबैतिर पुग्ने तर भित्रभित्रै आफ्नो फाइदाका लागि मिलेर बसेका जनतामाझ विभिन्न भ्रम, दोष, विभेद सिर्जना गरिदिएर विखण्डन ल्याइदिने कार्य पुँजीवादले गरिरहेको छ ।

**(ग) अमानवीयता**

अमानवीयता मानव-समाजमा पुँजीवादले लादेको अर्को खराबी हो । सामान्यतः मानव-समाज निश्चित मानवीय मूल्य-मान्यतासहित सहजीवनमा हुन्छ । समाजमा आफ्नै खालका सम्बन्ध, चालचलन, संस्कार, सद्भाव, सहयोगी चरित्र हुन्छन् तर पुँजीवादको उपभोगवाद, स्वार्थी चरित्रले गर्दा ती सबै मूल्यमान्यतालाई भताभुङ्ग गर्दै लगेको छ । समाजमा क्रमशः अमानवीयताले ठाउँ पाउँदै गएको छ । आफ्नो इतिहास, भूगोल, जति, समाज, संस्कार आदि केहीलाई पनि ख्याल नगरेर फाइदा, मुनाफा, अवसरका लागि जे पनि गर्ने पशुचेत बढ्दै गएको छ । समाज, परिवार, आफन्त जतासुकै पुगोस्, आफूलाई भए पुग्छ भन्ने अमानवीय प्रवृत्ति व्याप्त बनाइएको छ । पुँजीवादले आफ्नो स्वार्थका लागि देश, जनता र परिवारलाई पनि बेच्नेतिर गइरहेको छ । यो पुँजीवादको अमानवीयता हो ।

**(घ) विध्वंसात्मक**

पुँजीवादको विध्वंसात्मकता सामाजिक खराबी हो । विध्वंसात्मकता मानव-समाजको एकता, सामूहिकता र सिर्जनाविरोधी प्रवृत्ति हो । समाजको निर्माण मिलेर गर्नु, समस्याहरूलाई सामूहिक प्रकारले समाधान गर्नु, मान्छेमा आउने आपत्विपत् र दुःखहरूलाई मिलेर समाधान गर्नु, आफ्ना सिर्जनाहरूलाई सबैको हितमा उपयोग गर्नु समाजका विशेषता हुन् तर पुँजीवादको ध्वंसात्मक प्रवृत्तिले समाजको यो विशेषतालाई समाप्त गर्दै लगेको छ । आफ्नो आर्थिक एवम् राजनीतिक मुनाफाका लागि समाज समाजलाई भिडाउने, देश देशलाई फुटाउने र भिडाउने, जति-जतिलाई उचाल्ने र लडाउने अनि समाजलाई नै नामेट पार्नेखालका ध्वंस गर्ने कार्य पुँजीवादले गरिरहेको छ । यसले गर्दा आज विश्वभरि सामाजिक सङ्कट फैलिरहेको छ ।

(क्रमशः)



तस्बिर : भीमप्रसाद चापागाईं

# क्रान्तिकारीहरूलाई थुनेर कति साध्य हुन्छ, यो सकिने विषय होइन

**मोहन वैद्य 'किरण'**
महासचिव, नेकपा (क्रान्तिकारी माओवादी)

*नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव **मोहन वैद्य 'किरण'** सँग समसामयिक विषयमा रातो खबरका भिम चापागाईको सहयोगमा **गुणराज लोहनी**ले लिनुभएको अन्तर्वार्ताको मुख्य अंश*

» ***अहिले नेपालमा आफूलाई वामपन्थी भन्ने दुईवटा पार्टी मिलेर पछिल्लो समयमा एउटै पार्टी बनेका छन्, सरकार छ । सरकारले छ महिना पार गरी सातौँ महिना लाग्दैछ । यो क्रममा समग्र परिस्थितिको मूल्याङ्कन कसरी गर्नुभएको छ ।***

ठ्याक्कै अब सरकारमा गएका पार्टीहरूसँग यो प्रश्न जोडिन्छ, एउटा मूल पक्ष र यी पार्टीको सरकार जुन परिवेशमा बन्यो त्यो अनेकौँ जनआन्दोलन र १० वर्षको महान् जनयुद्धको प्रक्रियाबाट अघि बढ्दै गर्दा संविधानसभाको निर्वाचन संविधानसभामा लोकतान्त्रिक गणतन्त्रको संविधान स्वीकार गरेको शक्ति एमाले र माओवादी केन्द्रको मूलतः अहिलेको एकताको परिस्थिति अनि अहिले बनेको यो पार्टी जसलाई कम्युनिस्ट पार्टी भन्ने नाम दिइएको छ र जसको सरकार छ, वाम सरकार भनिएको छ र यो सन्दर्भमा एकातिरबाट त जनतामा एउटा पर्याप्त भ्रम उत्पन्न हुँदै आएको हो। यी सच्चा कम्युनिस्टहरू हुन् भन्ने किसिमको, उनीहरूले समाजवादको कुरा पनि गरे देशको समृद्धि र सुखी नेपाल बनाउने कुरा पनि गर्दै आए । तर यतापट्टि आउँदाखेरि छ महिनादेखि अहिलेसम्मको जुन यहाँले यी कुराहरू गर्नुभयो यो सबै स्थिति हेर्दा सरकारमा रहेका पार्टीहरू असफल भएका छन् ।

सरकारको जुन ओज र गरिमा हो त्यो अत्यन्तै खस्किँदै गएको छ र खासगरी राष्ट्रियताको कुरा गर्दा राष्ट्रिय स्वाधीनता रक्षाको प्रश्नमा कुनै नयाँपन छैन । एउटा वैदेशिक प्रतिक्रियावादी शासकवर्ग र साम्राज्यवादीसँग झुक्दै आइरहेका छन् । सीमा समस्याको कुरा आज पनि त्यत्तिकै गम्भीर विषय बनेको छ । हामीलाई थाहा भएकै विषय हो- कालापानीलगायत देशका विभिन्न ठाउँमा समस्या छ । यो विषयमा सरकार गम्भीरतापूर्वक बोल्दैन, यो स्थिति छ । नागरिकताको समस्या पनि गम्भीर छ । सीमा अतिक्रमण भैरहेको छ । यसैगरी जलस्रोत विदेशीलाई सुम्पिने काम भएको छ। जनअधिकारको कुरा गर्दा कुरा त सबै गरिन्छ, मौलिक अधिकारका कुरा सबै गरिन्छ, आखिरमा त्यही पुरानो संसदीय ब्यवस्थाको पुनरावृत्ति भएको हुनाले खासगरीकन एकातिर पूरै जनताहरू मजदुर, किसान, महिला, दलित, आदिवासी, जनजाति, मधेसीहरूको हकहित स्थापना हुन सकेको छैन।

त्यसमा पनि अत्यन्तै विपन्न वर्गका लागि संसदीय व्यवस्थामा भनिने गरेको समानता र भातृत्वका कुरा त्यो समानता बिलकुलै छैन। तल्लो तहको वर्गको हालत खराब छ। हरुवा, चरुवा, हली, गोठालाको अवस्था खराब छ । यो लोकतन्त्रमा जनताका हकअधिकारहरू दमित हुँदै आइरहेका छन् । भूकम्प पीडितको समस्या विकराल छ । पत्रकारहरूका हकअधिकारहरू खोसिँदैछ। पत्रकार हरूका समस्या गम्भीर बनेका छन् र त्यसमा पनि अझ जनजीविकाका समस्याहरूका बारेमा कुरा गर्ने हो भने त जति सुखी र समृद्धिका कुरा गरे पनि स्थिति गम्भीर छ र झन्डै १३ खर्बजति व्यापार घाटा छ । तीन करोड जनसङ्ख्यामा एक करोड जनसङ्ख्या त रोजगारीका लागि विदेशमै छ। यहाँ विकास र समृद्धिका कुरा गरे पनि न विकास भएको छ, न त समृद्धि भएको छ। सङ्क्षिप्तमा भन्नुपर्दा यो सरकारका विगतका छ महिनामा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका क्षेत्रमा यो सरकार पनि उही पुरानै किसिमको सरकार हो । यो एउटा सामन्त वर्ग, दलाल पुँजीपति वर्ग र नोकरशाही वर्गको सरकार हो भन्ने कुरा प्रस्ट हुँदै गएको छ।

» ***अब यहाँले भनेजस्तै दुईवटा कम्युनिस्ट पार्टी मिलेर एउटा पार्टी बनेको छ । तिनीहरूको सरकार बनेको छ । एउटा झापा विद्रोहबाट आएको कम्युनिस्ट पार्टी र सशस्त्र जनयुद्धबाट आएको पार्टीका मुख्य नेताहरू मिलेर बनेको पार्टीको सरकारको अवस्था यस्तो हुनुको कारण के होला ? अथवा यो सरकारले केही काम गर्न नसक्नुको कारण के होला ?***

उहाँहरूले त भन्नुभयो क्रान्ति भैसक्यो तर वास्तवमा क्रान्ति भएको छैन । पुरानो राज्यसत्ता यथावतै छ जुन सत्ता दलाल नोकरशाह र सामन्त वर्गको राज्यसत्ता हो। हिजो जुन संसदीय व्यवस्थाका विरुद्ध लड्दै आएका थियौँ अहिले त्यही संसदीय व्यवस्था कायम छ। यो सरकारले आफूलाई वाम र कम्युनिस्ट भने पनि यो पुरातनपन्थी प्रवृत्तिकै नेतृत्व गर्ने सरकार हो । कुनै पनि आर्थिक, राजनीतिक परिवर्तन भएको छैन। पुरानै पश्चगामी बाटोतिरै यो सरकार गैरहेको छ।

» ***अहिलेसम्म आउँदा यो सरकारको स्थिति के देखापरेको छ भने हिजोका सरकार हरूभन्दा अझ बढी बदनाम भएर गएको देखिन्छ । तपाईंले भनेजस्तै पछिल्लो क्रममा महिलाहरूमाथि बलात्कारका घटना भइरहेका छन् । महँगी र भ्रष्टाचार बढिरहेको छ । पछिल्लो समयमा त सामान्य संविधानमा लेखेको कुरा पनि गर्न नदिने वातावरण बनिरहेको छ । हिजो झापा विद्रोहबाट आएका केपी ओली र 10 वर्षको जनयुद्धबाट आएका प्रचण्ड यति धेरै खराब हुनुको कारण त सामान्य होइन नि ? यहाँ त पुँजीवादी सुधार पनि देखिएन ?***

यहाँले भन्नुभएको कुरा सत्य हो । अहिलेका समस्या धेरै जटिल छन् । भ्रष्टाचार बढिरहेको छ। हत्या, हिंसा, बलात्कारका घटना बढिरहेका छन् । गरिबी व्याप्त छ। यी चीजहरूका बारेमा थोरै पनि राहत दिने काम सरकारले गरेको छैन। राहतभन्दा पनि जनताको जीवन झन् कष्टकर भैरहेको छ। सामान्य खालका सुधारका काम पनि भएका छैनन्। यसले गर्दा पनि सरकार दिनप्रतिदिन बदनाम बन्दै गैरहेको छ। यो सत्य हो।

» ***यस्तो बेलामा यस्तो परिस्थिति एकातिर जनतालाई कम्युनिस्टको नेतृत्वमा सरकार बनेको छ भन्ने भ्रम छ, अर्कोतिर सरकारले नकारात्मक काम मात्र गरिरहेको छ । क्रान्तिकारी भन्नेहरूले पनि खासै नयाँ काम गरेको देखिँदैन । यस्तो बेला यहाँहरूको पार्टी के गरिरहेको छ ?***

समग्र परिस्थितिको मूल्याङ्कन गर्दा के हो भने वस्तुगत परिस्थिति आन्दोलनको रूपान्तरणका लागि वस्तुगत अवस्था तात्दै गएको जस्तो देखिन्छ। तर के हो भने त्यसको तुलनामा एउटा आत्मगत शक्ति असाध्यै कमजोर छ। त्यो शक्ति कमजोर छ भन्नुको पछाडि के कारण हो भने जुन सरकारमा गएका छन् । सत्तामा गएका छन् । उनीहरू एउटा कम्युनिस्टको नामबाट सरकार अथवा सत्तामा गएका छन् । उनीहरूले झापा विद्रोह १०, बर्से जनयुद्धको ब्याज मात्र खाएका छन् र आमजनताले के बुझेनन् भने जनताले कम्युनिस्ट भनेर भोट हालेका थिए । तर उनीहरू खासमा कम्युनिस्ट थिएनन् । जनताले त यिनीहरूलाई कम्युनिस्ट भनेर भ्रममा भोट हालेका हुन् । अर्कोतिर के हो भने अहिले क्रान्तिकारी शक्ति कमजोर छ। कमजोर भन्नुको अर्थ विगतमा जनयुद्ध भयो त्यसले गम्भीर धक्का खायो । नेतृत्वले ठूलो धोका दियो । त्यो अवस्थामा के हो भने जनताको पनि र कार्यकर्ताको पनि मथिङ्गलमा आन्दोलनप्रति अविश्वास र आशङ्का पैदा भएको छ । यी चीजहरूलाई चिरेर अघि बढ्नुपर्ने आवश्यकता छ। यो अवस्थामा हाम्रो पार्टीले विगतको मूल्याङ्कन गर्दै हाम्रा कमजोरी र सीमाहरूको पनि समीक्षा गर्दै फेरि एउटा क्रान्तिका लागि तयारी गर्नुपर्दछ भनेर हामी क्रान्तिको तयारीको दिशामा अगाडि बढिरहेका छौँ । अर्को कुरा अब के छ भने अगाडि बढ्नको निम्ति एक्लाएक्लै होइन, सच्चा क्रान्तिकारीहरूबीचमा एकता आजको ऐतिहासिक र अपरिहार्य आवश्यकता बन्न पुगेको छ । यस दिशामा ध्यान दिनुपर्दछ भनेर हामीले विभिन्न किसिमका कम्युनिस्ट क्रान्तिकारीहरूसँग एकताको प्रयत्न गरिरहेका छौँ । त्यो शक्ति बलियो बनाएर जाऔँ भन्ने दिशातिर पनि हामी लागिरहेका छौँ।

» ***तपाईंले पार्टी एकताको प्रसङ्ग निकाल्नुभयो । केही महिनापहिले पनि चारवटा कम्युनिस्ट पार्टीका बीचमा एकता गर्ने कुरामा छलफल गर्नुभएको थियो । त्यो प्रक्रिया अहिले कहाँ पुगेको छ ?***

पार्टी एकताको कुरा गर्दा सा मान्यरूपमा हामीले सबै क्रान्तिकारीहरूलाई गोलबन्द गर्दै जाने, त्यसमा पनि विप्लवजीले तेतृत्व गर्नुभएको नेकपा, ऋषि कट्टेलले नेतृत्व गरेको नेकपा, मोहनविक्रम सिंहले नेतृत्व गरेको नेकपा (मसाल) र हाम्रो पार्टीसहितका पार्टीहरूबीच ठोस पहल गरौँ भनेर हामीले सुरु गरेका हौँ। यो प्रक्रियामा मोहनजीहरूले त्यति चासो देखाउनुभएन। अहिले हाम्रा धेरै कुरा मिल्दैनन् । त्यसैले पार्टी एकता अहिले सम्भव छैन भन्ने हिसाबले उहाँहरू जानुभएको छ । उहाँहरू अहिले यही सरकारको नजिकनजिकतिर गैरहेको अवस्था छ। त्यसकारण हामीले उहाहरूसँग एकताको सम्भावना देखेनौँ । उहाँहरूसँग पार्टी एकता गर्ने कुरा ब्रेक भैसकेको छ। अर्कोतिर के हो भने हामीले विप्लवजीले नेतृत्व गरेको पार्टी नेकपासँग एकताको प्रयास गरेका छौँ। यो प्रसङ्गमा हाम्रा कुराकानी पनि भएका छन् । तर के हो भने हाम्रो पनि अझै ठोस र मूर्त रूपमा काम अघि बढ्न सकेको छैन। तर त्यो दिशामा अलि पहल गर्नुपर्छ भन्ने हामीलाई लागिरहेको छ । जहाँसम्म ऋषि कट्टेलजीहरूसँगको कुरा हो उहाँहरूसँग पनि हामीले कुराकानी गरिरहेका छौँ । उहाँहरू पनि एकताप्रति सकारात्मक देखिनुहुन्छ । हाम्रा केही विषयमा कुराकानीहरू बाँकी छन्।

» ***त्यसो भए तपाईंहरूबीच बहस र छलफल भैरहेको हो ?***

त्यो पार्टी एकताको कुरामा हामी छलफलमा छौँ भने कार्यगत एकताको सवालमा आवश्यकताअनुसार गर्दै आएका छौँ र आवश्यकताअनुसार गर्दै जानुपर्दछ। कार्यगत एकताका विषयमा कुनै विवाद छैन।

» ***अहिले पार्टी एकताको महत्व झन् बढेको छ । सरकारका बारेमा बाहिर जसरी कुरा आएका छन् । जनताका समस्याहरूको कुरा जसरी उठिरहेको छ । भर्खरै निर्मला पन्तको बलात्कारको विषय जटिल बन्दै गएको छ । यो बेलामा के छ भने क्रान्तिकारी पार्टीहरूले आफ्नो धारणा किन बाहिर ल्याउन सकिरहेका छैनन् भन्ने छ ?***

कञ्चनपुरमा निर्मलामाथि जुन बलात्कार र हत्याको घटना भयो त्यो घटनाका दोषीहरूलाई पक्राउ गरेर कारबाही गर्नेभन्दा पनि सरकार गलत ढङ्गले गैरहेको छ। यसका बारेमा हामीले हाम्रा धारणा बाहिर ल्याइसकेका छौँ । यस्तो घटनाका दोषीहरूलाई कारबाही गर्नुपर्दछ यस्ता घटना नदोहोरिऊन् भन्ने हाम्रो कुरा हो । तर के हो भने कार्यगत एकता गरेर जाने काम भएको छैन। बरु यस विषयमा गम्भीर भएर लाग्नुपर्ने अवस्था हो।

» ***कालापानीको नक्सालाई लिएर अहिले विवाद आएको छ नि, सरकारले आधिकारिक तरिकाले नक्सा बनाएको छैन । यसका बारेमा के भन्नुहुन्छ ?***

कालापानीको प्रश्न उठाउनुभयो यो धेरै गम्भीर प्रश्न हो। यो पहिलो देखिकै समस्याको विषय हो। यस विषयमा सरकार गम्भीर बनेको देखिएन। नक्सा बनाउने प्रक्रियामा भारतले जुन नक्सा बनाएको छ । त्यही नक्साहरू नेपाल सरकारका विभिन्न सरकारी कार्यालयहरूमा टाँगिन्छन् । अहिले जुन नक्सा आएको छ। त्यो नक्सामा नेपाल सरकारको निसानछाप नै नहुने विषय जटिल र गम्भीर विषय हो । हामीले यस विषयमा पनि सार्वजनिक वक्तव्यमार्फत विरोध गरेका छौँ। भर्खरै मात्र हामीले एउटा सानो कार्यक्रम गरेका छौँ । यो गलत हो भनेर यसका विरुद्ध आवाज उठाएका छौँ। राष्ट्रिय स्वाधीनताको रक्षा र कालापानीको प्रसङ्गलाई लिएर हामीबीचको कार्यगत एकता अवथा संयुक्त मोर्चालाई नयाँ उचाइमा उठाउनु पर्दछ । यो आवश्यकता टड्कारो बनेको छ।

» ***अब प्रसङ्ग बदलौँ, 10 बर्से जनयुद्धको प्रचण्डको नेतृत्वमा भयो । त्यसको एउटा योजनाकार र तपाईं पनि हुनुहुन्छ । प्रचण्डसँगको तपाईंको लामो सहकार्यको अनुभवमा अझ भनौँ मोटो मशाल बन्दादेखिकै सहकार्यको अनुभवमा प्रचण्ड अहिले क्रान्तिको प्रक्रियाभन्दा यति धेरै टाढा पुग्नुको कारण के होला ?***

एउटा अप्ठेरो कुरा के रहेछ भने मान्छेका बारेमा विश्लेषण गर्न धेरै गारो रहेछ। सुरुका दिनमा भन्दा खेरि प्रचण्ड र हाम्रो विचार मिल्थ्यो । उहाँ यसरी कसरी परिवर्तन हुनुभयो भन्ने विषयमा कुरा गर्दा उहाँभित्र एउटा निम्नपुँजीवादी मनोवृत्ति होला भन्ने लाग्छ। यो मनोवृत्ति के हो भने जसले आफूलाई मनैदेखि परिवर्तन गर्न सक्छ। उहाँ कहिलेकहीँ के भन्नुहुन्थ्यो भने पछि आएर म लेफ्ट-राइट जता पनि जानसक्छु भन्ने गर्नुहन्थ्यो। उहाँलाई त्यतिका धेरै बुझ्न सकेका थिएनौँ अब लेफ्टको कुरा छोड्नुहोस्। उहाँ त अब गम्भीर दक्षिणपन्थी विचलनमा पर्नुभयो । यो हेर्दा विचित्र लाग्छ। उहाँको एउटा विशेषता के हो भने प्रचण्डलाई आफू गलत बाटोमा गएको कुरा पनि थाहा छ । उहाँको विशेषता के देखापर्दछ भने पुरानै लोकततन्त्रको संविधान बन्यो, त्यो बनिसकेपछि हाम्रो कुरा के हो भने त्यसका केही कुरा सङ्घीयता, समानुपातिकलगायत केही कुरा सही छन्। तर सारमा के हो भने यो संसदीय ब्यवस्थाले यो पुरानै प्रकारको लोकतान्त्रिक व्यवस्था हो। यसले पुरानै राज्यसत्ताको प्रतिनिधित्व गर्दछ भन्ने कुरा क्लियर छ । हामीले बारम्बार यो कुरा उठाउँदै आएका हौँ । उहाँ जुन तहमा खस्केर तल जानुभयो यसलाई युगान्तकारी छलाङ भन्नुहुन्छ। उहाँको विशेषता त्यो रह्यो । यो कुरा पहिलो उहाँलाई थाहा भएन । खास कुरा के हो भने कुनै समयमा खास व्यक्तिले राम्रो काम गरे पनि अर्को कुनै समय र परिवेशमा जाँदा परिवर्तन हुन सक्दोरहेछ भन्ने कुरा देखियो। यो सामन्तवादी मनोवृत्ति हो। यस्ता घटनाहरूबाट पाठ सिक्न जरुरी छ।

» ***जनयुद्ध कालमा उहाँका केही त्यस्ता विशेषता थिए ?***

मान्छेमा सामान्य प्रकारका कमीकमजोरी भइहाल्छन् । त्यसलाई सच्याउँदै रूपान्तरण गर्नुपर्दछ। शतप्रतिशत कोही पनि कम्युनिस्ट छैन। यस विषयमा हामीले कसैलाई केही भन्ने विषय पनि भएन। त्यतिबेला त्यस्तो उल्लेख गर्न लायक कमजोरी देखेनौँ । म तीन वर्ष भारतमा जेलमा बसेँ । त्यतिबेला परिस्थिति घनीभूत ढङ्गले अघि बढ्यो। यसको अभिव्यक्ति पछि चुनबाङ बैठकमा देखापर्‍यो । उहाँप्रति साथीहरूको अपार विश्वास थियो, नेतृत्वले गल्ती गर्दैन भन्ने विश्वास। उहाँको नियोजित रूपमा संसदीय व्यवस्थामा अवतरण गराउने उद्देश्य रहेछ। यो कुरो थाहा भएन। केही आशङ्का थियो । केही समयसम्म अन्तरसङ्घर्ष चल्यो । पछिल्लो समयमा यो कुरा थाहा भयो । अब यसको मूल्याङ्कन इतिहासले गर्ने हो। अरूले गर्ने हो। मैले यो घटनालाई लिएर यही भनेर भन्न मिल्दैन।

» ***विप्लव नेतृत्वको नेकपालाई सरकारले एक खालको प्रतिबन्धजस्तो लगाएको छ । राज्यले यस्तो गरिरहेको विषयप्रति यहाँको धारणा के छ ?***

यो त अलि विचित्रजस्तो लाग्छ । हिजो हामी सँगै हुँदा जुनजुन चीजको विरोध गरेका थियौँ आज उहाँहरू सरकारमा गएपछि त्यही काम गर्दै गइरहनुभएको छ। पञ्चायती शासकहरू पनि सरकारमा हुँदा यस्तै काम गर्थे, एमाले र काङ्ग्रेसीका सरकारले पनि यस्तै काम गर्थे । १० बर्षको जनयुद्धलाई दबाएको इतिहास हाम्रै अगाडि छ। घुमिफिरी आउँदाखेरि उहाँहरूले पनि त्यही गर्नुभयो। यो सबैले बुझेकै कुरा हो। पहिलो कुरा यो हो। दोस्रो कुरा के हो भने यो सरकार कम्युनिस्ट हो, हामी वामपन्थी हौँ भनेर उहाँहरूले जुन भनिरहनुभएको थियो यी गतिविधिहरूले उहाँहरू कम्युनिस्ट होइन भन्ने कुरा जनतालाई बुझ्न मद्दत पुगेको छ जस्तो लाग्छ । जहाँसम्म विप्लव नेतृत्वको नेकपामाथि गरिएको दमन र गिरफ्तारीको विषय छ हाम्रो पार्टीले त्यसको विरोध गर्दै आएको छ। उहाँहरूको पार्टीका नेता-कार्यकर्तालाई गरिएको गिरफ्तारी गलत कार्य हो, रिहा गर्नुपर्छ भन्दै आएका छौँ । गिरफ्तारीको विरोध गर्दै आइरहेका छौँ। यो सरकारको स्वरूप र चरित्र के हो भने यस्ता गतिविधि गर्ने सरकार वाम र कम्युनिस्ट सरकार हुन सक्दैन । त्यो पश्चगामी सरकार हो भन्ने प्रमाणित भएको छ। यसमा दुःख मान्नुपर्ने विषय छैन। क्रान्तिकारीहरूलाई थुनेर कति साध्य हुन्छ, यो सकिने विषय होइन।

» ***क्रान्तिकारी शक्तिहरूले के गर्दा ठीक होला ?***

अब के गर्ने भन्दा पहिलो कुरा सिङ्गो यो पुरानो राज्यसत्ता छ। दलाल पुँजीपति वर्गको रक्षाकवचका रूपमा बनेको राज्यसत्ता, सरकार, दक्षिणपन्थी संशोधनवाद, यी सबैको भन्डाफोर गर्दै जानुपर्दछ। दोस्रो कुरा के हो भने नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद हुँदै साम्यवादमा पुग्ने जुन लक्ष्य हो त्यो लक्ष्य प्राप्तिका लागि दृढतापूर्वक अगाडि बढ्नुपर्दछ । तेस्रो कुरा के हो भने सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्ने दिशातिर ठूलो मेहनत गर्नुपर्दछ। चौथो कुरा, हामी नमिल्दासम्म विभिन्न विषयहरूलाई लिएर राष्ट्रियता, जनजीविका, हत्या, हिंसा, बलात्कार, महँगी, करजस्ता थुप्रै विषयहरूमा एकताबद्ध भएर सङ्घर्षको प्रक्रियाबाट अघि बढ्नुपर्दछ। क्रान्तिका निम्ति आत्मगत स्थिति तयार बनाएर जानुपर्दछ भन्ने लाग्छ।

# हिरासतबाटै तिम्रो स्वर्ग ध्वस्त बनाइरहेछौं

हामीसँग, हाम्रो विचारसँग दलालहरूको दुनियाँ काँपेको छ । हामी हिरासत मोर्चाबाटै दलाल सत्तालाई खुला चुनौती दिन चाहन्छौँ- हामी तिमीहरूको सर्वनाशक हौँ । हामीलाई हिरासतभित्र कैद गरेर तिमीहरूको डर लुकाउने प्रयत्न नगर । हामी हिरासतभित्र पड्किरहेका छौँ ।



सुमनसिंह पौडेल

घरमा को हुनुहुन्छ ? सानो मलिन स्वरमा एउटा आवाज आयो । प्रतिउत्तर फर्काउने सबै शरीर गलेर लखतरान थियो । मस्त निद्रामा रहेका आठजना युवाहरूको समूह एकाएक ब्युँभियो ।

फेरि अर्को प्रश्न थपियो घरको आँगनबाट । घरमा को हुनुहुन्छ ? यो कमल तामाङको घर होइन ? सबै जऱ्याकजुरुक भयौँ । टहटह जुन लागेको थियो । आकाश सफा थियो । भदौको महिना भएकाले झ्याउँकीरी कराइरहेका थिए । जूनको सहारामा झ्यालबाट हेर्दा आँगनमा उभिएर प्रश्न सोध्ने व्यक्तिलाई देख्यौँ हामी सबैले ।

छोटो कदको हापप्यान्ट लगाएको, दारीजुँगा पालेको एउटा सामान्य अवस्थाको मान्छे थियो त्यो । त्यसपछि हाम्रातर्फबाट कमरेड सुवासले जबाफ फर्काउनुभयो, कमल तामाङ घरमा छैन । को हो तपाईं ? त्यसपछि त्यस व्यक्तिले गरेको अर्को प्रश्न- पानी खान पाइन्छ ?

समय रातको १ बजिसकेको छ । १२/१३ घरसङ्ख्या भएको सानो गाउँ पूरै सुनसान छ । एउटा व्यक्ति घरको आँगनमा उभिएर केही सवाल गर्छ । हाम्रो जबाफले स्वाभाविक चित्त बुझाउँदैन । हाम्रो टिम जम्मा ८ जनाको छ । हाम्रो थकान र निद्राले कसैको शरीर स्थिरमा छैन । ऊ पटकपटक प्रश्न गरिरहन्छ- घरमा कोको हुनुहुन्छ ? कतिजना हुनुहुन्छ ? कमल तामाङ कहाँ छ ? पानी खान पाइन्छ ? रातको १ बजे सबैको निद्रा बिगार्ने, खल्बल्याउने गरी निरन्तरनिरन्तर प्रश्न आउँन थालेपछि हामी सबै मुखामुख गर्न थाल्छौँ ।

हामी सबै उभिएर केही सल्लाह गर्न थाल्यौँ । हाम्रो निस्कर्ष यो प्रहरी हो भन्ने भयो । यद्यपि त्यो प्रश्न सोध्ने व्यक्तिको आवाजमा हिम्मतभन्दा ज्यादा डर भएको स्पष्ट थियो । यता घरमाथि हामी थियौँ । घरवरिपरि प्रहरी भएको थाहा पाइहाल्यौँ ।

हाम्रो चहलपहल बढ्यो । प्रतिरोध गर्ने सल्लाह भयो । हामी पूर्ण रूपमा निःशस्त्र थियौँ । हामीसँग एउटा गतिलो लौरो पनि साथमा थिएन । त्यहीमाथि हाम्रो अवस्था यति धेरै थाकेको थियो, त्यो अहिले बयान गर्न सकिन्न । बाटोमा हिँड्दा लडेर केही साथीहरू घाइते हुनुभएको थियो । हाम्रो टिम घरमाथि उभिएर सल्लाह गरेको र चहलपहल बढेको थाहा पाएपछि घरवरिपरि प्रहरी सल्बलाएको प्रस्ट थाहा भयो ।

हामी पूर्ण रूपमा प्रहरीको घेरामा परिसकेका थियौँ । प्रहरीको घेरा तोड्ने वा प्रहरीसँग भिड्ने ? यो कुरा हामीबीच केहीछिन चल्यो । हामी पूर्ण रूपमा निःशस्त्र भएको र प्रहरी असाध्यै धेरै आत्तिएको हुनाले हामीले प्रतिरोध गर्न सुरु गर्नासाथ प्रहरी फायरिङ गर्ने तयारी गर्दै थियो । सबै प्रहरीले माउजर कक गरेको आवाज आयो । यस्तै हुँदाहुँदै सल्लाह गर्दा बिनानिष्कर्ष केही साथीहरूले घरको झ्याल फुटाउन थाल्नुभयो । प्रहरीले कासन गऱ्यो- ठोकठोक ! केही अपशब्दसमेत बोल्दै प्रहरीले भन्यो- यो गाउँ सबै प्रहरीको नियन्त्रणमा छ, तिमीहरू कोही यहाँबाट दायाँबायाँ गऱ्यौ भने हामी गोली हान्छौँ ।

साथीहरू झ्याल फुटाउन थालेपछि र केही साथीले प्रहरीलाई गाली गर्न थालेपछि एकछिन स्थिति असामान्य बन्यो । स्थिति तनावपूर्ण बन्यो । त्यस घरका धनी अत्तालिन थाले । उनीहरू भन्दै थिए, गाउँभरि प्रहरी छन् । तपाईंहरू लडाइँ नगर्नुस् । उनीहरु हात जोडेर हामीलाई भनिरहेका थिए । यद्यपि म र कमरेड प्रशान्त भिडौँ भन्ने सल्लाहमै थियौँ ।

२०७५ साल भदौ १३ गते नेपाल कम्युनिस्ट पार्टी मेची ब्युरोको आयोजनामा राजनीतिक तथा वैचारिक प्रशिक्षण कार्यक्रम थियो । स्थान इलामको सुन्थुङ गाउँमा तोकिएको थियो । दलाल संसदीय पुँजीवादी सत्ताको अन्त्य गरेर वैज्ञानिक समाजवादी सत्ता स्थापनाका निम्ति अगाडि बढेका हामी युवाहरूको जुझारु पाइला अविराम गतिमा थियो । हाम्रो विषयप्रति हामी एक हजार प्रतिशत विश्वस्त थियौँ । हामी सबैको मस्तिष्कमा दुस्मनहरूको सर्वनास र हाम्रो विजय स्पष्ट छ ।

हामी झापाबाट १३ गतेको उक्त प्रशिक्षण कार्यक्रममा सहभागी हुन बिर्तामोडबाट सार्वजनिक ट्याक्सीमा इलामतिर लाग्यौँ । हामी सबै सचेत थियौँ- सरकारले दमन तीव्र बनाएकाले हामीमाथि पनि निगरानी छ र हामीलाई जतिबेला पनि गिरफ्तार गर्न सक्छ । सम्पूर्ण चुनौतीलाई चिर्दै हाम्रो गति अन्त्यन्तै तेज बनिरहेको थियो । २ वटा ट्याक्सीमा बिर्तामोडबाट हामी इलाम जाने तय भयो । एउटा ट्याक्सीमा हाम्रो पार्टीका केन्द्रीय सदस्य एवम् मेची ब्युरो इन्चार्ज कमरेड सुमन, म, कमरेड सुवास, कमरेड सञ्जय, कमरेड सन्तोष, कमरेड प्रशान्त, कमरेड भीम, कमरेड चमनलाल, इलामकै एकजना कमरेड र ट्याक्सी ड्राइभरसमेत १० जना थियौँ । अर्को ट्याक्सीमा मेची ब्युरो कार्यालय सदस्य कमरेड तारासहित कमरेड थापा, जिल्ला इन्चार्ज कमरेड सौगात, कमरेड सुरेन्द्र, कमरेड चित्र, कमरेड खोम, कमरेड साम्पाङ, कमरेड देवी, कमरेड मगेस, इलामका एकजना कमरेड र ट्याक्सी ड्राइभरसहित १० जना हुनुहुन्थ्यो ।

हामी इलामको कन्याम, श्रीअन्तु हुँदै गाडी पुग्ने ठाउँसम्म गाडीमा गयौँ । इलाम जिल्लाको मनमोहकता र सुन्दरताको बिम्ब कन्याम, श्रीअन्तुका रमाइला पहाडहरू, चित्रका बुट्टा, हुस्सु र कुहिरो सबैलाई दृष्टिस्पर्श गर्दै हाम्रो यात्रा अगाडि बढेको थियो । झापाको अत्यधिक चर्को गर्मी झेलेका शरीरहरू इलामको चिसोमा असाध्यै आनन्दित भएको थियो ।

बाटोमा खाजा र चिया खाँदै, केही फोटो खिच्दै गाडी रोकिएको स्थानबाट हामी अगाडि बढ्यौँ । ती सबै गाउँटोलहरूको एकिन नाम त मलाई थाहा भएन तर हामी मूल बाटैबाटो लामो हुने भएकाले पहाडको छोटो बाटो प्रयोग गर्दै हामी अगाडि बढ्यौँ । बाटाहरू निक्कै अप्ठ्यारा थिए । हामी हिँड्दै गरेको भिरालो बाटोको तल मेची खोला सुसाइरहेको थियो । भारत र नेपालबीच सिमानाको काम गरिरहेको मेची खोला पूर्वी नेपालका लागि विशेष र खास मानिन्छ । पारिपट्टि मिरिक, निकै पर कर्स्याङ र तल तराईको फाँट हेर्दा भारतका सहरहरू झलमल देखिँदै थिए । हामी हिँडिरहेको नेपाल अँध्यारो र अप्ठ्यारो थियो । यद्यपि इलामको भौगोलिक सुन्दरता र सुन्दर नेपाल निर्माण गर्ने हाम्रो सपनाले अप्ठ्यारा बाटोहरू र अँध्यारो गाउँ हामीलाई सुन्दर लागिरहेको थियो ।

हामी निक्कै कठिन यात्रामा थियौँ । तराई झापाका खुल्ला र मैदानी बाटोहरूमा हिँडेका झापाली पाइलाहरू पहाडी इलाकामा लर्बराउने नै भए । हामी हिँड्दै अगाडि बढ्ने क्रममा लगभग डेढ घन्टा हिँडेको बाटो भुलिएको कुरा थाहा भयो । हामी गन्तव्य जाने भन्दा फरक बाटो हिँडिरहेका रहेछौँ । डेढ घन्टा हिँडेको बाटोबाट हामी फर्किएर पुनः त्यही ठाउँमा आइपुग्नुपर्ने भयो । हामी फर्किएर त्यहाँबाट फेरि अगाडि बढ्यौँ । करिब अढाइ घन्टा हिँडेपछि हामी हाम्रो प्रशिक्षण स्थलमा पुग्यौँ ।

बाटोमा केही साथीहरू लड्नुभयो । उहाँहरूको खुट्टामा चोट लागेको थियो । केही साथीहरूको चप्पल छिन्यो । केहीलाई जुत्ताले साथ दिएको थिएन । केही साथीहरूलाई आफ्नो मोटोपनले गर्दा हिँड्न गाह्रो भएको थियो । जे होस्, निकै अप्ठ्यारो बाटो जून र मोबाइलको सामान्य उज्यालोको सहारामा काट्यौँ । यात्राका क्रममा रमाइला कुराहरू भए । केही गीतहरू गुन्गुनाइए । केही सल्लाहहरू भए । हामी साँझ ९:४५ तिर प्रशिक्षणस्थल पुग्यौँ । इलामका साथीहरूको व्यवस्थापकीय जिम्मेवारी भएका कारण इलामका कमरेड लक्ष्मीचरण, कमरेड दिपेन, कमरेड विवश र अन्य केही मैले नचिनेका कमरेडहरूसमेत मेसमा लाग्नुभएको थियो ।

सबैले हामीलाई खाना तयार गरेर पर्खिराख्नुभएको रहेछ । हामी त्यहाँ पुगी हातमुख धोएर खाना खानका लागि लाममा बस्यौँ । सबै खाना खान थाल्यौँ । हाम्रो पार्टीका पूर्वी कमान्ड इन्चार्ज कमरेड विरही पनि आउनुभयो । उहाँको स्वास्थ्यस्थिति त्यति राम्रो छैन । धेरै औषधि सेवन गरिरहनुपर्ने अवस्था छ । एकदमै कमजोर स्वास्थ्य स्थिति र एकदमै कमजोर शरीर भएर पनि उहाँको विचार, चेतना र क्रियाशीलता देखेर म सधैँ नतमस्तक हुने गर्छु । उहाँ पनि खाना खान थाल्नुभयो । मेची ब्युरो इन्चार्ज कमरेड सुमन उहाँ पनि एकदमै बिमारी हुनुहुन्छ । उहाँको मिर्गौलामा पत्थरी भएको छ । नसाको समस्या छ । उहाँको दृढता र क्रियाशीलता हामी युवाहरूसँग सँगसँगै काँध मिलाएर अगाडि बढ्ने खालको छ । उहाँ पनि खाना खान थाल्नुभयो । हामी सबै खाना खान थाल्यौँ । गलेको शरीर, भोको पेट । हामी सुखद कुराकानी र एकअर्काको अवस्थाका विषयमा जानकारी दिँदै खाना खायौँ । खाना खाइसकेपछि पूर्वतयारीअनुसार हामी आआफ्नो स्थानमा सुत्नका लागि प्रस्थान गर्नुपर्ने भयो ।

११ बजिसकेको छ । छिटोभन्दा छिटो ओछ्यानमा पुगेर आराम गर्नुपर्ने स्थिति छ । बिहान भेट्ने सल्लाह गर्दै हामी सुत्ने स्थानतर्फ लाग्यौँ । अरू साथी र अतिथि कता लाग्नुभयो जानकारी थिएन तर झापाबाट आएको मेरो नेतृत्वको टोली सिरानको घरमा विश्राम गर्ने कुरा थियो । सोहीमुताबिक हाम्रो टोली त्यस घरमा गयो । हामीलाई त्यहीँका स्थानीय साथीले पुऱ्याउनुभएको थियो । हामी सबै युवाहरू भएको कारण सिरानको घरमा विश्राम गर्ने योजना बनेको थियो ।

हाम्रो टोलीमा म, कमरेड प्रशान्त, कमरेड चमनलाल, कमरेड सन्तोष, कमरेड सुवास, कमरेड सञ्जय, कमरेड भीम, कमरेड सुरेन्द्र थियौँ । हामी सबै युवा र जुझारु प्रकारका थियौँ । हामीले ओछ्यानहरू मिलायौँ । त्यसपछि पालैपालो १/१ जना जागै रहने सल्लाह गऱ्यौँ र सोहीअनुसार १/१ घन्टाको तालिकासमेत तयार गऱ्यौँ । १ घन्टा जागै रहने कमरेडले कोही आए विशेषतः प्रहरी आएनआएको चाल बुझ्ने, लाइट बलेनबलेको बुझ्ने, कुकुर भुकेको चाल बुझ्ने र सोहीअनुसार सावधान रहने सल्लाह भएको थियो र हामी परिस्थितिअनुसार भिड्ने प्रतिरोध गर्ने योजना र सल्लाहमा थियौँ । हामी निःशस्त्र भए पनि प्रतिरोध गर्ने मानसिकतामा थियौँ । त्यसअनुसारको सल्लाह गरिसकेपछि हामी अआफ्नो ओछ्यानमा विश्राम गर्न पस्यौँ र जागै रहने साथी सल्लाहअनुसार नै रहनुभयो । एकदमै थाकेको थियो शरीर । सबै सुत्नेबित्तिकै निदाइयो ।

हामीबीच प्रतिरोध गर्ने सल्लाह हुँदाहुँदै केही कमरेडहरूले झ्यालको सिसा फुटाउन थालेपछि अत्तालिएको प्रहरी बल प्रयोग गर्ने प्रकारको हल्लाखल्ला र कासन गर्दै घरभित्र पस्यो । पस्नेबित्तिकै प्रहरीले कमरेड प्रशान्तलाई टाउकोमा माउजर ताकेर कुटपिट गर्दै नियन्त्रणमा लियो । सबैको हातमा माउजर थियो । सबैले सबैलाई नियन्त्रणमा लिन भटाभट बल प्रयोग गर्न थाले । त्यस क्रममा कमरेड सुरेन्द्र, कमरेड सञ्जय, कमरेड चमनलाललाई केही कुटपिट गरी हतकडी लगाइहाल्यो । मलाई हुत्याउँदै तानेर अगाडि ल्यायो । एकजनाले बुटले टाउकोमा हान्यो । त्यसपछि मेरो हातमा पनि हतकडी लगायो । हामी सबै आठैजनालाई प्रहरीले हतकडी लगाएर पूर्ण रूपमा नियन्त्रणमा लियो । त्यसपछि सबैको नाम सोध्न थाल्यो । सबैको एकएक नाम सोध्दै प्रहरीसँग भएको खेस्रा कपीमा नाम टिप्न थाल्यो । हामीलाई गिरफ्तार गर्न इलामका इलाका प्रहरी कार्यालय मातहतका चौकीका प्रहरीसमेत हामीलाई गिरफ्तार गर्न आएका थिए । हेमराज ओलीलाई मैले अगाडिबाटै चिनेको कारण हामीमाथि कुटपिट नगरेको हो वा नचाहेको हो जे भए पनि प्रहरीहरूले हामीलाई नियन्त्रणमा लिनुअघि गरेको बलप्रयोगभन्दा थप कुटपिट नियन्त्रणमा लिएपछि गरेन । चाहे जे भए पनि देश पूर्ण रूपमा दलाल तस्करको पञ्जामा गएको यो दुःखद् परिवेशमा हामी दलाल र तस्करविरुद्धको सङ्घर्षमा छौँ । तिनै दलालको स्वार्थ र योजनाबमोजिम हामीविरुद्ध मरिमेटेर लागेका प्रहरीहरूको हामीविरुद्धको सक्रियता लज्जास्पद छ र दलालहरूको यो रबैया निन्दा र भर्त्सनायोग्य छ । समयको चक्रलाई प्रहरीहरूले राम्रोसँग आत्मसात गर्न जरुरी छ । दलालहरूको उक्साहटमा र केही प्रहरीभित्रकै गिरोहको सक्रियतामा हामीविरुद्ध भइरहेको धरपकड र दमनको कालो इतिटहासले एक दिन सबैलाई उठाउने छ ।

हाम्रो नाम सोध्दै थियो । मेरो नाम सोध्यो एकजना प्रहरीले- तेरो नाम के हो ? मैले मेरो नाम सुमन हो भनेँ । त्यसपछि उसैले मेरो नाममा सिंह थपेर सुमनसिंह हारेन भन्यो । मैले हो भन्दिएँ । त्यसपछि तँ तँ भनेर बोलिरहेको प्रहरीले तपाईं भनेर सम्बोधन गऱ्यो । अरूको नाम पनि सोध्यो । सञ्जय र चमनलालको नाम पनि प्रहरीले धेरै सुनेको रहेछ । उहाँहरूलाई पनि प्रहरीले बारम्बार अनेकौँ प्रश्न सोधिरह्यो । हामीलाई गिरफ्तार गरेको जानकारी गरायो- सर, ८ जना पक्राउ परे । सुमनसिंह पनि पक्राउ परेको छ ।

यसैमा हामीमाथि प्रहरीहरूले प्रश्न गर्दै थिए । दिपेन कहाँ छ ? अनिल शर्मा कहाँ सुतेको छ ? तिमीहरूका अन्य साथीहरू कहाँकहाँ सुतेका छन् ? 'हामीलाई केही थाहा छैन' हामीले जबाफ फर्कायौँ । उनीहरूले 'पूर्वी कमान्ड इन्चार्ज अनिल शर्मा यहाँ आएको छ । उनीहरू दिउँसो मिरिक घुम्न गएका थिए । हामीलाई नढाट्नुस्, कहाँ छ भन्दिनुपऱ्यो ?', यस्ता प्रश्न गर्न थाले ।

'हामीलाई जानकारी छैन । अनिल शर्मा यहाँ आएनआएको हामीलाई थाहा हुँदैन' हामीले जबाफ राख्न पाउँदानपाउँदै इन्सपेक्टरले उसको टिमका अन्य सदस्यलाई तलको घरमा सर्च गर्नुस् भनेर पठायो । हामीसँग प्रहरीको भनाभन, हल्लाखल्ला र आवाजले अन्य घरमा सुतेका साथी उम्कन सफल हुनुभयो होला भन्ने हामीले मनमनै आशा गऱ्यौँ र यति कुरामा त हामी सफल भयौँ भन्ने परियो । कमान्ड इन्चार्ज कमरेड अनिल, ब्युरो इन्चार्ज कमरेड सुमन गिरफ्तार हुनु हामी गिरफ्तार हुनुभन्दा कैयौँ गुणा ज्यादा क्षतिको कुरा हुन्थ्यो । त्यसकारण हामीलाई उहाँहरूको गिरफ्तारी जसरी पनि बचाउनु थियो । हाम्रो हल्लाखल्लाको उद्देश्य त्यो विषयसँग पनि जोडिएको थियो ।

'सर ! एकजना पक्राउ पऱ्यो', एउटा प्रहरीले आएर भन्यो । पछिको प्रहरीले सँगसँगै लिएर आयो । इलामका ६८ वर्षीय वृद्ध कमरेड मोहन बराललाई दाम्लोले हातमा बाँधेर ल्यायो । म एकदमै आक्रोशित भएँ । 'यस्ता वृद्ध व्यक्तिलाई किन समाएको तपाईंहरूले ?', मैले प्रश्न गरेँ । 'को हुन् यिनी ? चिन्नुहुन्छ ?', मलाई प्रश्न गऱ्यो प्रहरीले । वृद्ध उमेरका कमरेडलाई छोड्छ कि भन्ने आशाले मैले उहाँलाई चिन्दिनँ भन्दिएँ । मैले उहाँ यही गाउँको कोही वृद्ध बा होलान् भन्दिएँ तर बराल कमरेडले गिरफ्तार हुँदै 'म नेपाल कम्युनिस्ट पार्टीको कार्यकर्ता हुँ' भनेर हाम्रो क्रान्ति र आन्दोलनका विषयमा जबाफ दिइसक्नुभएको रहेछ । मेरो जबाफले काम दिएन । उहाँलाई छोडेन । सबै गाउँभरि हामी छौँ भन्ने त्यति भेउ प्रहरीले पाएको थियो जस्तो लागेन । हामी जम्मा ८ जना भए पनि सबै प्रहरीको हातमा माउजर थियो । उनीहरू हाम्रो कमान्ड इन्चार्जलाई गिरफ्तार गर्न आएका रहेछन् । एकैचोटि ८ जना युवा गिरफ्तार गर्दा, तलबाट मोहन बरालसमेतलाई गिरफ्तार गर्दा र त्यहाँबाट झोला छोडेर केही कमरेडहरूले घेरा तोड्दा प्रहरीको सङ्ख्या सानो भएको र बाहिरबाट आक्रमण हुनसक्ने डरले होला प्रहरीले थप टोली बोलाउन थाल्यो । सबै टोलीलाई इन्सपेक्टरले फोन गर्न थाल्यो ।

इन्सपेक्टर हेमराज ओलीको फोनगराइ हेर्दा र सुन्दा यस्तो लागिरहेको थियो, इलाम जिल्लाका सम्पूर्ण प्रहरी रातभर सुतेका थिएनन् । इलामका मात्र होइन, हामीलाई गिरफ्तार गरेको हल्ला रातारात झापामा र सम्पूर्ण दलालका अखडामा सल्बलायो । यो सबै प्रहरीको फोनगराइ र व्यवहारबाट प्रस्ट नै थियो । हामीलाई गिरफ्तार गरेको हल्ला दुस्मनको अखडामा छिटो प्रचार भयो । हामी गौरवपूर्ण लवजमा शिर ठाडो गरेर बाघझैँ थियौँ । इन्सपेक्टर हेमराज ओलीलाई अर्को फोन आयो 'सर टु प्लस, टु प्लस !' यताबाट ओलीले कन्फर्मका लागि थप प्रश्न गऱ्यो । 'हजुर दुईजना पक्राउ परे ।' मलाई एकदम तनाव भयो । सायद सबैजनाको दिलदिमागमा त्यही थियो चिन्ता । कमसेकम थप साथी गिरफ्तार नहोऊन् भन्ने हामी सबैलाई लागिरहेको थियो ।

मैले इन्सपेक्टरलाई सोधेँ- थप कोको गिरफ्तार भए, भन्न मिल्छ ? उसले राखिसकेको फोन फेरि डायल गरेर कोको हो ? भनी नाम सोध्यो । उताबाट जवाफ आयो अर्जुन आचार्य र चित्र बिउ । जे नहोस् भनेर सोचेको थिएँ त्यही भयो । झापाका इन्चार्ज कमरेड अर्जुन आचार्य पक्राउ नपरेको भए झापामा धेरै सहज हुने थियो । हामी सबै एकपल निराशजस्तै भयौँ । सबैको अनुहार स्तब्ध देखियो ।

उहाँहरू सुतेको घरबाट बाहिर निस्किएर गाउँको उकालोतिर लाग्नुभएछ । अलि माथि पुगेपछि टर्च लाइटको उज्यालो देख्नुभएछ । हाम्रै साथीहरू कतै आपत्मा परेका हुन् कि भनेर उहाँहरू त्यतै जानुभएछ । तर ती त आफ्ना साथीहरू नभएर इन्सपेक्टरले मगाएको थप प्रहरी टोली रहेछ । केही वादविवाद हुँदाहुँदै प्रहरीले पक्राउ गर्न खोज्दा प्रहरीको घेरा तोड्न उहाँ त्यहाँबाट तल हामफाल्नुभएछ । घेरा तोड्ने क्रममा उहाँ गम्भीर घाइते हुनुभएको रहेछ ।

कमरेड संगमलाई र कमरेड चित्र विकलाई समेत प्रहरीले केही दिनमा हामीलाई नियन्त्रणमा राखेको ठाउँमा लिएर आयो । त्यसपछि हामीलाई उज्यालो होउन्जेलसम्म त्यहीँ राखियो । त्यस घरमा घरधनीको एउटा पुरानो बिग्रिएको भरुवा बन्दुकले पनि केही समस्या बनायो । तर त्यस विषयमा प्रहरीले झूट्टा मुद्दा बनाएर बन्दुक बरामद गरेर घरधनीलाई इलामसम्म ल्याएर छोडिदियो ।

हामीलाई श्रीअन्तु चौकीमा केही समय राखेर इलाम ल्याइयो । इलाम ल्याइपुऱ्याउँदा साँझ भइसकेको थियो । इलाम ल्याएर हामीलाई जि.प्र.का. इलामको हिरासत कक्षमा लगियो । हिरासतमा पुग्दा थाहा भयो विभिन्न जिल्लाको हिरासतमा राख्दै हाम्रो पार्टीका केन्द्रीय सदस्य देवनारायण शाहलाई समेत त्यहीँ ल्याएर राखिएको रहेछ । त्यस्तै भदौ ५ गते दानाबारीबाट पक्राउ पर्नुभएका कमरेड डम्बर मगर र विजय नेम्बाङलाई समेत राखिएको रहेछ । हाम्रो ११ जनाको टोलीसमेत हिरासतमा ल्याएर प्रहरीले हाल्यो । कमरेड देवनारायण शाहलाई बम विस्फोटको मुद्दा लगाएको रहेछ । त्यस्तै कमरेड डम्बर मगरलाई पनि बम विस्फोट र अरू २ वटा मुद्दा लगाएको रहेछ । झूट्टा मुद्दा लगाउने दलाल सत्ताको रबैया आमजनतालाई थाहा भएकै कुरा हो । हामीलाई इलाम ल्याएर मसहित कमरेड सौगात, कमरेड प्रशान्त, कमरेड चमनलाल, कमरेड सेसेहाङलाई त्यही बम विस्फोटको झूट्टा मुद्दा दायर गऱ्यो । कमरेड सञ्जय, कमरेड सुवास, कमरेड सुरेन्द्र, कमरेड भीम, कमरेड चित्र विक र कमरेड मोहन बराललाई केही सार्वजनिक अपराधसहितको झूट्टा अभियोग लगाइयो । कमरेड विजय नेम्बाङलाई पनि त्यही सार्वजनिक अपराधअन्तर्गतकै मुद्दा थियो ।

हाम्रो राजनीतिक मुद्दा र अभियानबाट आत्तिएर सरकार हामीमाथि सर्वत्र दमनमा उत्रिएको छ । हामीलाई पहिलोचोटि ७ दिनको म्याद थप गरेर त्यो सकिएपछि दोस्रोपटक १५ दिनको म्याद थप गरियो । हामी हिरासतमा रहेको २ दिनपछाडि झापाबाट साउन २८ गते पक्राउ पर्नुभएका कमरेड राजु दास र असललाई समेत झापा कारागारबाट इलाम हिरासतमा बेलुका ८ बजेतिर ल्याइपुऱ्याइयो । उहाँहरूलाई पनि त्यही विस्फोटको झूट्टा मुद्दा लगाइयो र उहाँहरूलाई झापा नै लगियो ।

हामीलाई भदौ १३ गते गिरफ्तार गरेर त्यसपछि विभिन्न झूट्टा मुद्दा लगाउँदै इलाम हिरासतमा राखिएको छ । हामी हिरासतको बन्द कोठाभित्र कैद भएका छौँ । जिल्ला प्रहरी कार्यालय इलाममा कथित १ नं. प्रदेशका माननीयहरू सलामी थाप्न आइरहेका छन् र हाम्रो हिरासतभित्रबाट गुन्जिएको क्रान्तिकारी आवाजले आत्तिएर हामीलाई झूट्टा मुद्दा लगाउने, थुन्ने र चैनको निद्रा निदाउने कोसिस गरिरहेका छन् । हामी त्यो देखिरहेका छौँ । हामीसँग हाम्रो विचारसँग दलालहरूको दुनियाँ काँपेको छ । हामी हिरासत मोर्चाबाटै दलाल सत्तालाई खुला चुनौती दिन चाहन्छौँ- हामी तिमीहरूको सर्वनाशक हौँ । हामीलाई हिरासतभित्र कैद गरेर तिमीहरूको डर लुकाउने प्रयत्न नगर । हामी हिरासतभित्र पड्किरहेका छौँ । हामी १०० वर्ष स्याल भएर बाँच्नुभन्दा १ दिने बाघ भएर मर्नुमा आनन्दित हुनेछौँ । हिरासतभित्रबाटै पनि तिमीहरूको स्वर्गमा हमला गरिहनेछौँ । एकीकृत जनक्रान्ति जिन्दावाद !

इलाम हिरासतबाट ।

# वर्तमान विश्वको अन्तर्राष्ट्रिय प्रवृत्ति



धर्मेन्द्र बास्तोला

वर्तमान युग भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । लेनिनलेसाम्राज्यवादलाई पुँजीवादको उच्चतम रूप भन्नुभएको थियो। लेनिनले साम्राज्यवादपुँजीवादको उच्चतम रूप भएको र यसको चरित्र केन्द्रीकृत, परजीवी, पतनशील रमरणोन्मुख भएको बताउनुभएको थियो। अहिलेको विश्वमा पुँजी लेनिनको समयमाभन्दा अति केन्द्रित, अति परजीवी, अति पतनशील र मृत्युशय्यामा छट्पटाउँदोदेखापर्छ। उदाहरणका लागि एउटा अध्ययनलाई लिऊँ– सन् २००७ को एकअध्ययनअनुसार विश्वको जनसङ्ख्या ६ अर्ब ६० करोड रहेको थियो। त्यतिबेलाविश्वको कुल गार्हस्थ उत्पादन ४,८०० अर्ब अमेरिकी डलर रहेको थियो।

विश्वकोजनसङ्ख्या र कुल गार्हस्थ उत्पादनको तुलना गर्ने हो भने विश्वका हरेक नागरिककोहातमा ७,३०० अमेरिकी डलर भाग पर्न आउँछ तर यो रकम बैङ्क तथा अन्यकरमार्फत राज्यमा आएको हिसाब मात्र हो । राज्यमा नआएको हिसाब सानो पुँजी,व्यक्तिगत सम्पत्ति र अवैध कारोबार सबै जेड्ने हो भने ४८ खर्बको दसौँगुणा बढीभएको अनुमान गर्न सकिन्छ। त्यतिबेलाको धितो तथा ऋणपत्रमा अङ्कित सम्पत्तिमात्र मिलाउँदा विश्वको कुल अनुमानित पुँजी १४ हजर अर्ब अमेरिकी डलरबराबररहेको थियो तर त्यतिबेलाको आँकडाअनुसार विश्वको युवापुस्ताको १ प्रतिशतअथवा ३ करोड ७० लाख मानिसले विश्वको कुल सम्पत्तिको आधा सम्पत्तिमाथिअधिकार जमाउँथ्यो।

अमेरिकाबाट प्रकाशित फाइनान्सियल टाइम्स अखबारकाअनुसार विश्वको केवल ३ करोड ७० लाख युवा पुस्ताले विश्वको आधा सम्पत्तिमाथिअधिकार राख्थ्यो । भलै १ प्रतिशत भन्नाले त्यतिबेलाको जनसङ्ख्याको ६ करोड६० लाख हुन आउँछ। यसरी हेर्दा विश्वका टाइकोनको हातमा प्रतिव्यक्ति करिब ४लाख अमेरिकी डलर पर्न आउँछ जब कि कुल जनसङ्ख्या मिलाउँदा ७३०० डलरप्रतिव्यक्ति हुनुपर्थ्यो तर त्यतिबेलाको विश्वको कुल सम्पत्ति १० हजर खर्ब अमेरिकीडलरमा ११० खर्ब अमेरिकी डलर अमेरिकामा मात्र केन्द्रित थियो । बाँकी ८९०खर्ब अमेरिकी डलर विश्वका अन्य जनताका बीचमा रहेको थियो। अमेरिकाको कुलजनसङ्ख्या विश्वको कुल जनसङ्ख्याको करिब ४ प्रतिशत हुन आउँछ जब किविश्वको कुल सम्पत्तिको ११ प्रतिशत अमेरिकामा मात्र केन्द्रित रहेको पाइन्छ । यहाँसम्पत्तिको संकेन्द्रण भएको पश्चिम युरोप, रुस र जपान गरी करिब ६० करोडजनसङ्ख्या जे कुल जनसङ्ख्याको करिब ६ प्रतिशत हुन आउँछ । त्यसको हिसाबगर्ने हो भने त्यही स्तरमा सम्पत्तिको केन्द्रीकरण भएको पाउन सकिन्छ। विश्वको१ प्रतिशत एकाधिकार पुँजीपति वर्गले विश्वको आधा सम्पत्ति राख्ने, अमेरिकाको ४प्रतिशतले ११ प्रतिशत राख्ने र बाँकी विकसित मुलुकका ६ प्रतिशतले त्यही प्रतिशतमासम्पत्ति राख्ने हो भने एसिया, अफ्रिका, ल्याटिन अमेरिकी देशका जनताको हातमाकेही नरहने स्थिति स्वतः बन्न पुग्दछ।

यहाँ एउटा मोटामोटी हिसाब गरौँ– विश्वको कुल जनसङ्ख्याको आधाजनसङ्ख्या एसिया महादेशमा रहेको छ। विश्वको त्यतिबेलाको कुल ६.६ अर्बजनसङ्ख्यामा चीनमा १ अब २० करोड, भारतमा १ अर्ब र एसियाका अन्यमुलुकहरूमा करिब ४० करोड जनता रहने गर्थे । भारत, चीन, बङ्गलादेश, पाकिस्तान,नेपाल, बर्मा, इन्डोनेसियालगायत मुलुकहरूको कुल आम्दानी औसतमा वार्षिक ४००डलरभन्दा बढी थिएन । यसरी करिब २ अर्ब ६० करोड जनतामा करिब २ अर्बजनताको आम्दानी प्रतिव्यक्ति दैनिक १ डलरभन्दा कम थियो। प्रतिव्यक्ति ७,३००डलर प्राप्त गर्नुपर्ने त्यो २ अर्ब जनताले केवल ३०० डलर मात्र पाउँथ्यो र प्रतिव्यक्ति ७,००० डलर अमेरिका, युरोपलगायत केही विकसित देशहरूमा केन्द्रित हुन्थ्यो ।यो पुँजीको केन्द्रीकरणको एउटा उदाहरण हो । यसप्रकारको पुँजीको केन्द्रीकरणबीसौँ शताब्दी अथवा लेनिनको समयमा कर्टेल्स र सिन्डीकेटहरूमा हुन्थ्यो । त्योकेन्द्रीकरण अहिले वित्तीय बैङ्कहरूमा हुने गरेको छ। यसको गति सन् १९९५ कोग्याट सम्झौतापछि पहिलेको भन्दा कैयौँ गुणा तीव्र रूपले हुँदै आएको छ ।तर यहाँ एउटा अनुमान गरौँ, विश्वमा मानव जतिले आर्जन गरेको सम्पत्तिकति छ र त्यसको वितरणका बारेमा एउटा कल्पना गरौँ।

विश्वको पुँजी १०हजार अर्ब डलर छ भने र विश्वको कुल जनसङ्ख्या ७ अर्ब मान्ने हो भने त्यसलाईसमानुपातिक हिसाबले विभाजन गर्दा प्रतिव्यक्ति आम्दानी १४२,८५७ अमेरिकी डलरबराबर पर्न आउँछ। अब हामी एकछिन कल्पना गरौँ, प्रतिव्यक्ति ३०० अमेरिकीडलर हुँदा हुने मानिसको उत्पादन र प्रतिव्यक्ति १ लाख ४२ हजर हुँदा गर्न सकिनेउत्पादन कति फरक हुन सक्ला ? तर एकाधिकार पुँजीवादले यो कुरा मान्नै सक्दैन ।यही हो लेनिनले साम्राज्यवादी पुँजीलाई केन्द्रीकृत, परजीवी, पतनशील र मरणासन्नभन्नुभएको।

विश्वको सम्पत्ति कसरी केन्द्रित भइरहेको छ भन्ने कुरा यसरी देख्नसकिन्छ – सन् २००८ को आँकडा अनुसार विश्वका २५० ठूला बैङ्कहरूमध्ये १५० बैङ्क अमेरिकामा केन्द्रित छन्। ती बैङ्कहरूमध्ये २० वटा सबैभन्दा ठूला बैङ्कहरूछन् जसमा पहिलो नम्बरको बैङ्क अफ अमेरिकाको कुल निक्षेप पुँजी १३५,२७१ लाख अमेरिकी डलर थियो भने चौथो स्थानमा रहेको बेलायती बैङ्क एचएसबीसीको ११४,९२८ लाख थियो। दोस्रो र तेस्रो स्थानमा रहेका अमेरिकी बैङ्कहरू सीटीग्रुपर जेपी मोर्गनको क्रमशः ११९,७८३ र ११५,७९० अमेरिकी डलर रहेको छ। पाँचौँस्थानको बैङ्क मित्सुबिसी फाइनान्स ग्रुपको ८१,९४० लाख डलर थियो भने बाह्रौँस्थानमा रहेको चीनको सबैभन्दा ठूलो बैङ्क इन्डस्ट्रियल कमर्सियल बैङ्क अफचाइनाको निक्षेप पुँजी ५८,९७५ लाख डलरबराबरको थियो। यसरी यो स्पष्ट हुन्छ, वित्तीय पुँजी चीन र रुस, जपान र कोरियामा भन्दा अमेरिका र युरोपमा बढीकेन्द्रित रहेको छ। युरोपमा भन्दा पनि ठूलो पुँजी अमेरिकामा नै केन्द्रित रहेको छ।

त्यस्तै, यतिबेला फौजी क्षेत्रमा ठूलो रकम खर्च गरिएको छ। संसारमा सन्२००८-९ मा करिब १५३१ अरब अमेरिकी डलर फौजी क्षेत्रमा खर्च गरियो जुनत्यतिबेलाको विश्वको कुल गार्हस्थ उत्पादनको २.७ प्रतिशत छ जसमा अमेरिकालेमात्र ६६१ अर्ब डलर खर्च गरेको छ। चीनको १०० अर्ब, फ्रान्सको ६३.९ अर्ब,बेलायतको ५८.३ अर्ब, रुसको ५३.३ अर्ब डलर फौजी क्षेत्रमा खर्च गरिएको छ ।यसरी संयुक्त राष्ट्रसङ्घका स्थायी सदस्य तथा विशेषाधिकार भएका देशहरूबाटफौजी क्षेत्रमा ९३६.५ अर्ब डलर खर्च गरेको पाइन्छ। अहिले जतिबेला संसारमाशान्ति र सुरक्षाका नाममा मानिस मार्ने र मर्ने प्रक्रियामा १५३१ अर्ब अमेरिकी डलरखर्च गरिएको छ त्यतिबेला भने नेपालजस्तो देशको जीवन निर्वाह गर्नका लागिबनाइएको राष्ट्रिय बजेटको अंश केवल २८३.९३ अर्ब नेपाली रुपैयाँ छ जसलाई१ डलरबराबर ७५ रुपैयाँ मान्ने हो भने केवल ३.७८ बिलियन अमेरिकी डलर मात्रहुन आउँछ। यो रकम अमेरिकाको कुल बजेटको त कुरै छाडौँ, फौजी खर्चमा हिसाबमात्र गर्‍यो भने सयमा ०.०५ प्रतिशत अथवा एक रुपैयाँमा ०५ पैसा बराबरजस्तैहुन आउँछ।

विश्वको विकास भएको यो आर्थिक र फौजी असमानताले गरिब र धनीबीचकोखाडल पुँजीवादी संरचनाले पुर्न नसक्ने गरी गहिरो र विशाल बनाएको छ । विश्वकोकुल जनसङ्ख्याको १ प्रतिशत जनता केवल एक कारणले बेचैन छन्, उसको अकूतसम्पत्तिको सुरक्षा कसरी गर्ने भनेर। बाँकी ऊ सम्पूर्ण रूपले स्वतन्त्र छ। उसकालागि यो दुनियाँमा पूर्ण रूपले जनवाद छ र साम्यवाद पनि तर विश्वको ९९ प्रतिशतजनता असुरक्षा र भोकमरीमा पिल्सिएको छ । स्वास्थ्य, शिक्षा रोजगारी, तथा गाँस,बास, कपासको अभावले मानिस आक्रान्त छ। मानवीय मूल्य र मान्यतासँग जेडिएकोमर्यादा र प्रतिष्ठाविहीन छ। मानिस संसारको कुना-कुनामा सयौँ र हजरौँ समस्यालेपिल्सिएको छ। यी जनताका लागि आफ्ना देशहरू साम्राज्यवादी दलालहरूकाबधशाला बनेका छन् । विश्वका तमाम राष्ट्रियताका लागि ती देशहरू कैदखानाबनेका छन् । राजनीतिक रूपले विश्वका ९९ प्रतिशत जनताले एकाधिकार पुँजीवादकोअधिनायकत्व बेहोर्नुपरेको छ।

एकाधिकार पुँजीवादीहरूका लागि विश्वका जनतालेपाउने प्रतिव्यक्ति ७३०० डलर उपलब्ध गराउने व्यवस्था गर्नुभन्दा ७ अर्ब जनतालाईनियन्त्रण गर्न १५३१ अर्ब डलर अथवा प्रतिव्यक्ति २१८ अमेरिकी डलरको युद्ध थोपर्नुफाइदा ठानेको छ जसको कारण आज संसारभरि अशान्ति छ, कोकोहोलो छ,दैनिक एक हजरभन्दा बढी मानिस साम्राज्यवादी युद्ध वा अपराधका कारण मर्ने रमारिने गरेको पाइन्छ ।अमेरिकी साम्राज्यवादले इराक र अफगानिस्तानमाथि थोपरेको युद्ध,इजराइलबाट प्यालेस्टिनी जनताको राज्यको हरणलगायत मध्यपूर्वमा समय-समयमागरिने युद्धहरू साम्राज्यवादी उत्पीडनका उदाहरण हुन् । साम्राज्यवादले केवल फौजीयुद्ध थोपर्दैन, यसले प्रायोजित युद्ध पनि थोपर्ने गर्छ र आफ्ना दलालहरूलाईमनोवैज्ञानिक हमला गर्छ। यसको उदाहरण पाकिस्तानमाथिको फौजी आक्रमणर इन्डियनमाथिको मनोवैज्ञानिक हमलामा देखापर्छ।

अमेरिकाले कस्मिरको निहुँमाभारत तथा पाकिस्तानमाथि पैताला जमाउन पाकिस्तानमाथि प्रायोजित आक्रमण गर्दैआएको छ। पाकिस्तानले अमेरिकी आक्रमण लाचारीपूर्ण तरिकाले सहँदै आएकोछ। पाकिस्तानको राजनीतिक, वैचारिक, सांस्कृतिक तथा फौजी दुर्बलताका कारणअमेरिकी आक्रमण सहनुपरे पनि भारतले निर्लज्जतापूर्ण तरिकाले यो आक्रमणलाईसहनुपरेको छ। वास्तवमा पाकिस्तानमाथिको आक्रमण भारतीय राष्ट्रियता र भारतीयमनोविज्ञानमाथिको आक्रमण हो भन्ने स्पष्ट छ । अमेरिकी साम्राज्यवाद र उसकासहयात्रीहरूको युद्ध एकातिर तेस्रो विश्वका देशहरूमा छद्म र खुला रूपमा देखापर्छभने धनी देशहरूको बजरको बाँडफाँट, स्रोत र साधनहरूको विभाजन जी-आठ रजी-बाह्रका भोज र भेलाहरूमा गरिन्छ । त्यहीँ हुन्छ उनीहरूको आर्थिक तथा फौजीशक्तिको प्रदर्शन, त्यही चल्छ उनीहरूको मल्लयुद्ध अनि त्यहीँ हुन्छ उनीहरूकोबजरका लागि विश्वको विभाजन। यसप्रकारको युद्ध रूपमा भोजभतेर हुन्छ तरसारमा यो भीषण युद्ध हुन्छ। यहाँ देखिन्छ अन्तरसाम्राज्यवादी अन्तरविरोध। फेरिपनि अहिलेको विश्वको प्रमुख अन्तरविरोध भनेको साम्राज्यवाद र उत्पीडित राष्ट्र रजनताबीचको अन्तरविरोध नै हो।


साम्राज्यवादकोयोयुद्धशैलीएक्काईसौँशताब्दीमा बदलिएको छ । अमेरिकालेएकातिर भारतमाथिको सिँगौरी पाकिस्तानमाथिको आक्रमणबाट र चीनका विरुद्धकोसिँगौरी उत्तरकोरियासँग जुधेर खेलिरहेको छ । यस्तै प्रकारका प्रायोजित युद्धअफ्रिकी तथा ल्याटिन अमेरिकी देशहरूमा चल्दै आएका छन् जसको कारण अहिलेविश्वका तमाम देशहरूमा जनवादी आन्दोलन र राष्ट्रिय मुक्ति आन्दोलन चल्दैआइरहेका छन्। अहिलेको मुख्य प्रवृत्ति साम्राज्यवादका विरुद्ध जनवादी क्रान्ति,राष्ट्रिय स्वाधीनताका लागि क्रान्ति र सर्वहारावर्गको नेतृत्वमा समाजवादी क्रान्ति हो ।हामीले माथि नै देख्यौँ- एकाधिकार पुँजीवाद कति डरलाग्दो छ । त्योभन्दा अझमहत्वपूर्ण कुरा के छ भने लेनिनले जसरी साम्राज्यवादी पुँजीलाई एकाधिकार मात्रनभईकन त्यो परजीवी, पतनशील (डिकेडेन्ट) र मरणशील छ भन्नुभएको थियो।

त्यसको वैज्ञानिकता अहिले पनि प्रमाणित हुन्छ। साम्राज्यवादले आफ्नो एकाधिकारपुँजीको सुरक्षा गर्न बहुसङ्ख्यक जनतामाथि युद्ध थोपर्नु अनिवार्य बन्दछ किनकि उसका लागि संसारको मानवजतिसँग भातृभावका साथ वसुदैव गर्नुभन्दा युद्ध थोपर्नुनै मुनाफायुक्त हुन्छ । यसप्रकारको युद्धले अन्ततः जनताको विजय हुने सुनिश्चित छ । जे जनवादी समाजवादी क्रान्तिमा अभिव्यक्त हुन्छ वा जनवादी क्रान्तिले यसराष्ट्रिय पुँजीको विकास गरी एकाधिकार पुँजीवादको उत्पीडनको अन्त्य गर्नेछ । योदुवै परि स्थितिमा अहिलेको प्रवृत्ति समाजवादी क्रान्ति नै हो भन्ने स्पष्ट हुन्छ। तरके कुरा स्पष्ट हुन आवश्यक छ भने यसप्रकारको समाजवादी क्रान्तिको नेतृत्व बुर्जुवाराष्ट्रवादी शक्तिले गर्न सक्दैनन्, यो समाजवादी क्रान्तिकारी कम्युनिस्टहरूले मात्रगर्न सक्छन्।

साम्राज्यवाद र सर्वहारा क्रान्तिको वर्तमान युगमा संसारभरि जनवादी आन्दोलनर राष्ट्रिय मुक्ति आन्दोलनहरू चलेका छन्। जनवादी आन्दोलन साम्राज्यवादी युद्ध, वातावरणीय प्रदूषण, अति उत्पादन र बजरको अभाव, मजदुरमाथिको उत्पीडनकाविरुद्ध विशाल प्रदर्शनमा अभिव्यक्त भएका छन् । ल्याटिन अमेरिका जनवादीआन्दोलनको वक्षस्थल बनेको छ। ल्याटिन अमेरिकाका साथसाथै साम्राज्यवादीभूमण्डलीकरण, उदारीकरण र निजीकरणको कारण विश्वका सबै मुलुकहरूमा जनवादी आन्दोलनको विकास भएको छ । एसिया, अफ्रिका, युरोप र अमेरिकामा समेत राष्ट्रियमुक्ति आन्दोलनको विकास भइरहेको छ। तर क्रान्तिकारी आन्दोलन विश्वका धेरैकम मुलुकहरूमा मात्र भएको छ। नेपाल, भारत, इरान, टर्की, अमेरिका, क्यानाडा, पेरू, फिलिपिन्सलगायत विश्वका अत्यन्त कम देशहरूमा सर्वहारा आन्दोलनकोविकास भएको छ । सर्वहारावर्गीय क्रान्तिकारी आन्दोलनबिना जनवादी समाजवादीक्रान्ति हुन नसक्ने र जनवादी तथा समाजवादी क्रान्तिबिना जनवादी तथा राष्ट्रवादीआन्दोलनका मागहरू पूरा हुन नसक्ने भएकाले अहिलेको विश्वमा जनवादी तथाराष्ट्रिय मुक्ति आन्दोलनले क्रान्तिकारी आन्दोलनको जन्म दिने सुडेनीको भूमिकानिर्वाह गर्नुपर्छ । यो नै अहिलेको क्रान्तिकारी आन्दोलनको मुख्य विशेषता हो। भदौ २०६७

समकालीन विश्व कम्युनिस्ट आन्दोलन

j}Lflgs tf clxn]klg kd|fl0ft xG5 . ;fd|Hojfbn]cf^gf]Psflwsf/kFh"Lsf] ;'/Iff ug{ax';ªVos hgtfdfly o'4 yf]kg{ clgjfo{ aGb5 lsgls p;sf nflu ;+;f/sf] dfgjhlt;Fu eft[efjsf ;fy j;'b}j ug{eGbf o'4 yf]kg{ g}dgfkmfoQm xG5 . o;k|sf/sf]o'4n] cGttM hgtfsf]ljho xg] ;lglZrt 5 . h] hgjfbL ;dfhjfbL qmflGtdf cleJoSt xG5 jf hgjfbL qmflGtn] o; /fli6o kFh"Lsf] ljsf; u/L Psflwsf/ kFh"Ljfbsf] pTkL8gsf] cGTo ug{5 .



;Gbe{ ;+s[tsdL{flysf]kmf;jfbL bdg

# राणा शासन, मकै पर्वका कृष्णलाल र प्रगतिवाद



अनिल विरही

*यतिबेला न हिजो, संसारभरकै प्रतिक्रियावादी शासकहरूले जनताका पक्षमा लेख्ने, बोल्ने र लड्नेहरूलाई विभिन्न आरोप लगाउँदै गिरफ्तारी, भूmट्टा मुद्दा, हिरासत, यातना, जेल र मृत्युको सजायसमेत दिने गरेका छन् । नेपालमै पनि प्रथम सांस्कृतिक/साहित्यिक सहिद मानिएका मकैको खेती पुस्तकका लेखक कृष्णलाल अधिकारीलाई श्री ३ राणा प्रधानमन्त्री चन्द्रशमशेरको एकल निर्णय र लहडले भोजराज काफ्लेहरूको उजुरीमा जेल हालियो र भित्रै मारियो । जनयुद्धको समयमा कृष्ण सेन 'इच्छुक' लगायत एक सय साठीभन्दा बढी संस्कृतिकर्मी/स्रष्टाहरूलाई मुठभेडका नाममा आततायी र फासिवादी शैलीले गिरफ्तारी, घेराबन्दी र सामूहिक हत्या गरियो । यो क्रम भारतमा अहिले त्यहाँका शासक मोदीले चलाइरहेका छन् र पाँचजना जनप्रिय स्रष्टा, संस्कृतिकर्मी र पत्रकार : वरनान गोन्जाल्विस, अरुण फरेरा, सुधा भारद्वाज, बरबर राव र गौतम नवलखालाई जेल हालेका छन् । शासकहरू जनताबाट डराएपछि सबैभन्दा पहिला स्रष्टाहरूलाई जेल हाल्नतिर लाग्छन् किनकि जनताका कुरा हृदयमा गढ्ने गरी कविता, गीत-संगीत, कथा, संस्मरण, उपन्यास, समाचारमा उतारिदिने र जीवन्त अभिनय गर्ने त तिनै स्रष्टाहरू हुन्छन् । स्रष्टाहरूलाई समातेर जेल पठाइदियो भने जनताको विद्रोह समाप्त हुने ठान्छन् मन्दबुद्धिका प्रतिक्रियावादी शासकहरू । यतिबेला नेपालको शासनमा निरङ्कुश चन्द्रशमशेर राणा छैनन् तर लोकतन्त्र र गणतन्त्रका माला जपिरहेका, पूजा गरिरहेका तिनकै नयाँनयाँ 'अवतार' छन् । त्यसैले तिनीहरूले कयौँ नेता, स्रष्टा, संस्कृतिकर्मीसमेतलाई हिरासत पुऱ्याएका छन् र भूmट्टा मुद्दा लगाउँदै जेल पठाउने तयारी गरिरहेका छन् । यसै सन्दर्भमा एक दशकअघि अनिल शर्माले लेखेर पहिला 'नेपालका प्रथम सांस्कृतिक सहिद कृष्णलाल अधिकारी र मकैको खेती' पुस्तकमा प्रकाशित भएको र हाल 'समकालीन साहित्य र संस्कृति' पुस्तकमा समेटिएको यो लेख समसामियक हुने ठानेर यहाँ साभार गरिएको हो-* ***सम्पादक*** *।*

प्रथम साहित्यिक सहिद कृष्णलाल अधिकारीको चर्चित कृति 'मकैको खेती' को खास प्रति हालसम्म पनि प्राप्त भएको छैन । उनको एक थान कृति हराएका कारण त्यो कतै छ वा नष्ट भएर गयो भन्ने सन्दर्भमा पनि एकरूपता देखिन्न । इतिहासमा त्यही पुस्तकसम्बन्धी घटनालाई 'मकै पर्व' भनिन्छ । राणाहरूले पुस्तकमा उल्लिखित मकै भनेको जनता र मकैमा लाग्ने रोग वा कीरा भनेको राणा शासकलाई भनेको हो भन्ने ठहर गरे । त्यसैले छापिएका एक हजार थान पुस्तकमध्ये ९९९ थान पुस्तक उनका विरुद्ध देशद्रोहको मुद्दा फैसला भएकै दिन जलाइयो भनिन्छ । लेखक कृष्णलाल अधिकारीलाई पुस्तक लेखेवापत ६ वर्ष र एक थान पुस्तक हराएका कारण थप तीन वर्ष गरी ९ वर्ष जेलसजाय दिइयो । कृष्णलालको जेलमै मृत्यु भयो । सातजनाको सरकारी जागिर खोसियो भने एकजनालाई ५० रूपैयाँ जरिबाना तोकियो ।

कृष्णलालले मकैको खेतीका नाममा विशुद्ध प्राविधिक पुस्तक लेखेका थिए भन्नेहरू पनि छन् । मकैको खेती पुस्तकलाई विद्रोही चेतद्वारा योजनाबद्ध रूपमा लेखिएको विश्लेषण अर्कोतिर रहेको छ । त्यसैले मकै पर्व निकै विवादास्पद बन्न गएको छ । मकै पर्व त्यसअर्थमा नेपाली समाजको अध्ययन गर्ने आपूर्ण सामग्री बन्न गएको छ ।

हिन्दीमा 'मक्का की खेती' शीर्षक पुस्तक लेखेर एकजनाले ख्याती कमाएका थिए । त्यसको प्रभाव नेपालका लेखक कृष्णलाललाई पर्नु स्वाभाविक थियो । उनले नेपाली भाषामा नै त्यस्तै प्रकारको पुस्तक लेखे । त्यसबेला राणाहरूले लेख्ने त के आम नागरिकका लागि पढ्ने हकसमेत खोसेका थिए । लेखपढ गर्नु अपराध ठानिन्थ्यो । त्यस्तो समाजमा मकैखेतीको रोग निदानका लागि पुस्तक लेख्नु भनेको अहिलेको समाजमा कुनै कृषि विश्वविद्यालय बनाउनुभन्दा सानो काम थिएन । हुकुमी राणाहरूको नीति विरोधी त्यसप्रकारको योजना राणाहरूका लागि उसै पनि मानहानी थियो । जनताका विरुद्ध समानान्तर शक्तिकेन्द्र पैदा हुने खतरा पनि थियो । त्यसप्रकारको पुस्तकबाट प्रेरित भएर शिक्षाको प्रभाव बढ्दै जाने प्रबल सम्भावना थियो । राजनीतिक विषयमा लेख्ने प्रचलन बढ्न सक्थ्यो, जसका कारण कलमको शक्ति उदय हुनुपूर्व नै कलम भाँच्नु, निमोठ्नु र समाजमा जनचेतनाको दियो निभाएर अँध्यारो शासनमा आयु लम्ब्याउनु राणाहरूका लागि आवश्यक थियो । त्यस अर्थमा 'मकैको खेती' पुस्तकको लेखन र त्यसभित्रका बिम्ब र प्रतीकहरूलाई राजद्रोही मानियो । राणाहरूका नारदहरूले, चुक्लीबाजहरूले त्यसरी राणाहरूसमक्ष चुक्ली लगाए । मकैको खेती पुस्तक प्राविधिक विषयमै भए पनि जनताका दैनिक जीवनयापनका समस्या साहित्यमार्फत समाधान गर्ने प्रयास गर्नु सामान्य प्रश्न थिएन । जनताको जीवनप्रतिको दायित्वबोध साहित्यको मुख्य उपादेयता नै हो ।

प्रथम लोकसाहित्य मानिने 'लोरी गीत' आमाहरूले बच्चाहरू निदाउनका लागि गाएका थिए । खेती तथा कृषिकर्ममा सहायता ल्याउन, जीवनका पीडा र खुसीहरूको सम्बोधन गर्नेक्रममा लोकसाहित्यको जन्म भएको देखिन्छ । त्यसैले उपादेयताका दृष्टिले साहित्य प्राविधिक विषयसँग अन्तर्सम्बन्धित विषय नै हो । धाननाच, असारे गीत, सबै श्रमको सहजीकरणकै प्रक्रियामा सिर्जना भएका थिए । 'मकैको खेती' कृति मकैखेतीकै विषयमा लेखिएको थियो भने पनि त्यो साहित्य र सिर्जनाको ऐतिहासिक परम्पराको प्रतिकूल रहेको छैन । कलम र सिर्जनाद्वारा जनताका दैनिक जीवनमा भूमिका निर्वाह गर्नु राणाहरूका लागि खतराको घन्टी थियो । त्यस्तो कार्य अझ राणाहरूको निर्देशन र योजनाबाहिरबाट गर्नु अर्को आपत्तिको विषय थियो । त्यसकारण मकै पर्वले कलम र सिर्जनालाई नराम्ररी निरुत्साहित गऱ्यो । त्यस घटनाले राणा विरोधी चेतना बढायो । त्यसैले मकै पर्वलाई नेपाली समाजको नयाँ चेतना र सिर्जनाका लागि महत्वपूर्ण घटना मान्न सकिन्छ ।



एकातिर कृष्णलालको महिमाबाट तर्सिएका शासक चन्द्रशमशेरले घटनालगत्तै नक्कली । मकैको खेती प्रकाशित गरेर त्यसको न्यूनीकरण गर्न खोजे । २००७ सालपछि कृष्णलालका सकारात्मक पक्षहरु प्रकाशमा आउन थाले तर कतिपय लेखकहरुको धारणा हेर्दा उनलाई अलौकिकता प्रदान गर्न खोजेको पनि देखिन्छ ।

१९७० को दशकयता नेपाली भाषामा साहित्य लेख्नेहरू देखापर्न थालेका थिए । त्यसले राणा विरोधी भावना जागृत गराउन सक्थ्यो । राणाहरू कलमलाई तर्साउने गौँडो कुरेर बसेका थिए । त्यसैले मकै पर्वमार्फत सबै सर्जकहरूलाई तर्साइएको थियो । उक्त पुस्तकमा 'नेपाली कुकुर' र 'बेलायती कुकुर' को तुलना हुनु, चन्द्रशमशेरले रातो फरेज टोपी लगाउने र भीमशमसेरले कालो फरेज टोपी लगाउने भएकाले 'रातो टाउके' र 'कालो टाउके कीरा' शब्दावली प्रयोग भएका कारण प्रकृतिलाई मानवीकरण गरेर लेखिएको विद्रोही सिर्जना मान्नेहरूको पनि कमी छैन ।

चन्द्रशमशेरले योजनाबद्ध र सुझबुझसहित मकैपर्व घटना गराएका थिए । त्यो घटना कुनै आवेग र उत्तेजना मात्र थिएन । मकै पर्वले जनतामा राणाहरूप्रति नकारात्मक प्रभाव विस्तार भएको थियो । कृष्णलाल आदर्श बिम्बका रूपमा र चन्द्रशमशेर कुरूप बिम्बका रूपमा जनमनमा स्थापित भएको देखिन्छ । त्यसैले कृष्णलालको कद घटाउन, राणा विरोधी लहर घटाउन र चन्द्रशमशेरलाई विवेकशील देखाउन सोही 'मकैको खेती' पुस्तकको महत्वपूर्ण अंश फालेर राममणि आदीका नाममा नेपाली कृषि शिक्षावली नामको नक्कली पुस्तक छापिएको तर्क बलियो देखिन्छ । राणाहरूको स्वभाव, कार्यशैली र चेतनाका कारण पनि चन्द्रशमशेर प्रायश्चित गर्ने गर्दैनथे । हराएको एक थान 'मकैको खेती' कृतिको प्रामाणिकता पनि देखिन्न । 'मकैको खेती' मा प्रयोग भएको आञ्चलिकताका कारण नक्कली मकैको खेती हिन्दी भाषामा त्यसपूर्व प्रकाशित कृतिको नेपाली अनुवाद हो भन्ने भनाइ पनि सही देखिन्न । हिन्दी भाषाको कृतिमा नेपाली आञ्चलिकता प्रयोग हुने कुरा सही देखिन्न । तसर्थ, चन्द्रशमशेरको निर्देशनमा कृषि शिक्षावली नामको नक्कली 'मकैको खेती' कृति बजारमा ल्याइएको तर्क बलियो ठहर्छ ।

निरङ्कुश राणा शासकहरूले निर्ममतापूर्वक हत्या गरेका साहित्यक सहिद कृष्णलाल अधिकारी र उनको कृति 'मकैको खेती' लाई होच्याउनु र उक्त पुस्तकको असली रचनाकार अरू कुनै नक्कली पात्रलाई देखाउनु भनेको शासकको संस्कृतिको पक्षधरता र विद्रोही चेतनाका विरुद्ध उभिनु हो । शासकहरूले जनताका आवाजहरूलाई दबाउने गर्छन् । राणाकालका विरुद्ध प्रतीकात्मक रूपमा लेखेको ठहर गरी चन्द्रशमशेरले त्यसका लेखक कृष्णलाल अधिकारीलाई जेल हालेका थिए । जेलको कठोर यातनाका कारण जेलमै उनको मृत्यु भएको थियो । १९७७ साउन १० गते गिरफ्तार गरिएका कृष्णलाललाई काठमाडौँस्थित भद्रगोल जेलमा राखिएको थियो । उनलाई नेल र हत्कडीसहित राखिएको थियो । अहिलेको युगमा त भद्रगोल जेल त्यस्तो नारकीय अवस्थामा छ भने राणाकालमा जेलको खाना, यातना, अपमान, बस्ने स्थान कस्तो थियो होला ? सहजै अनुमान गर्न सकिन्छ । उस बेलाको हिउँ पर्ने काठमाडौँमा चिसो भुइँमा नेल र हत्कडीसहित कैद गरिएका कृष्णलालले १९८० मङ्सिरमै जेलमा मृत्युवरण गरेका थिए । कृष्णलाल स्वाभिमान भएका र छोटो उमेरमा उच्च ओहोदामा पुगेको देखिन्छ । नबिराउनू/नडराउनू भनेझैँ चुक्लीबाजहरूका कारण क्रुद्ध चन्द्रशमशेरका सामु माफी माग्न आओस् भन्ने ठानेका चन्द्रशमशेरसामु माफी नमागेका कारण चन्द्रशमशेर कृष्णलालका विरुद्ध थिए भन्ने ठान्नेहरू पनि कम छैनन् । जेलमै पनि कृष्णलालले सिर्जनाकर्म जारी राखेको देखिन्छ । जेलमा रहेका बेला माफी मागेमा क्षमा दिई रिहा गर्ने भनी चन्द्रशमशेरले पठाएको खबरलाई समेत कृष्णलालले स्वाभिमानपूर्वक अस्वीकार गरेको देखिन्छ । उच्च घरानामा हुर्किएका कृष्णलालले जेलमा पौष्टिक आहारा पाएनन् । पत्नीबिछोडको पीडा, सहयोगीको अभाव र क्षयरोगको सङ्क्रमणका कारण थलिएर उनको मृत्यु भएको थियो । माफी माग्नुभन्दा मृत्यु रोज्ने कृष्णलाल स्वतन्त्रताको लडाइँमा युगयुगसम्म आदर्श बिम्बका रूपमा रहिरहनेछन् ।

नेपालमा राणाशासनको अन्त्य भएपछि लेखकहरूले कृष्णलालाई प्रथम साहित्यिक सहिद घोषणा गर्दै राणा विरोधी लेखकका रूपमा स्थापित गरे । त्यसपूर्व शासकहरूले कृष्णलालको योगदानलाई न्यूनीकरण गर्ने षड्यन्त्र गरेको देखिन्छ । पुस्तक लेखेवापत मृत्युवरण गर्नुपर्ने सजाय पाउने कवि कृष्णलाल प्रथम स्रष्टा हुन् । उनले मृत्युवरण गरे तर आफ्नो अडान छोडेनन् । राणाशासनका विरुद्ध मात्र नभएर जनसेवामै केन्द्रित भएर उनले 'मकैको खेती' कृति लेखेको भए पनि त्यो निरङ्कुशताका विरुद्ध र जनताका पक्षमा हुन आउँछ । तसर्थ, कृष्णलाल एक आदर्श व्यक्तित्व हुन् ।

'मकैको खेती' पुस्तकको प्रामाणिकता नभएका कारण जनश्रुतिलाई स्रोत मान्नुपर्ने बाध्यता छ । समकालीनहरूले जति पढे, सम्झे, देखे, उनीहरूमार्फत नयाँ पुस्तामा हस्तान्तरण भएको हो । त्यतिबेला उनका पुस्तकका विषयमा लेख्नु र बोल्नु भनेको कृष्णलालको नियति भोग्नुहुन्थ्यो । जति बोले, त्यसको न्यूनीकरण गरेर बोले । चन्द्रशमशेरकै अपेक्षाअनुसार बोले/लेखे । नक्कली 'मकैको खेती' पुस्तक त्यसको निरन्तरतामा आएको देखिन्छ । त्यो पुस्तकको भूमिकामा केवल हामी अझै विदेशी कुकुरहरूको धेरै मान गर्दछौँ तर चोर र डाँकाहरूबाट हाम्रो रक्षा गर्ने बखत गद्दीमा सुत्ने विदेशी कुकुर काम नलागी स्वदेशी कुकुरहरू नै काम लाग्छन् भन्ने उल्लेख भएको बताइन्छ । त्यसैगरी 'मकै खाने रातो टाउके र कालो टाउके' कीराको उल्लेख गरिएको उक्त पुस्तकका अनेक स्थानमा 'बालकलाई आमाको दूधले जस्तो चन्द्रोदयले फाइदा गर्दैन' र '१९०३ सालदेखि राक्षसहरूको प्रवेशले नेपालमा अनिकालै अनिकाल परेको' भनिएको पनि बताइन्छ । यी भनाइहरू सिधै विद्रोही वाणी देखिन्छन् । राणाहरू र अङ्ग्रेजहरूका विरुद्ध विद्रोही स्वरका रूपमा आएका कारण राणाशासक चन्द्रशमशेर आक्रोशित भए । कृष्णलाललाई जेलमा औषधि र खाना नदिई तड्पाएर मारे ।

१९७७ साउन ११ गते गिरफ्तार गरिएका कृष्णलाललाई मुख्तियार भीमशमशेरको दरबार टङ्गालको गारतमा कैद गरियो । छापिएका एक हजार थानमध्ये ९९९ थान जलाइयो । एक थान पुस्तक नभेटिएवापत थप ३ वर्ष सजाय भयो । प्रकाशनकार्यमा सहयोग गरेको भनेर शम्भुप्रसाद ढुङ्गेल, ऋषिभक्त उपाध्याय, दुर्गानाथ अधिकारी, कृष्णचन्द्र अर्यालसहित ९ जनाको रोजगार खोसियो । मुद्दा १९७७ साउन ११ गतेदेखि ७ दिनसम्म चलेको थियो । कृष्णलाललाई ९ वर्ष कैद सजाय भएको थियो । सो घटनाका सन्दर्भमा डा. राजेश गौतम भन्छन्, "चन्द्रशमशेर लेखक र कविहरूले जागरण दिने, राष्ट्रिय भावना प्रचार गर्ने र राणा विरोधी भावना ल्याउनेजस्ता लेखहरू प्रस्ट र अप्रस्ट रूपले नलेखून् भनी उनीहरूलाई तर्साउन र आफ्नो मुट्ठीमा उनीहरूको विचार कैद गर्न चाहन्थे । कारण त्यतिखेर शिक्षा-आर्जनका निमित्त भारत गएका केही युवकहरूले त्यहाँ चलेको अङ्ग्रेज विरोधी भावनाको प्रभाव पनि साथमा बोकेर ल्याए । केही पत्रिकाहरू प्रकाशित गरी सामाजिक र धार्मिक चेतना ल्याउने प्रयास पनि उनीहरूबाट हुँदै थियो तर चन्द्रशमशेर यस किसिमको परिस्थिति सिर्जना हुन दिने पक्षमा थिएनन् । अझ उनले आफ्नो निहीत स्वार्थ र उद्देश्य पूरा गर्न 'मकैपर्व' को घटना घटाए ।

जनचेतनाको गला रेट्नु नै 'मकैपर्व' को उपादेयता थियो भन्ने स्पष्ट हुन आउँछ । त्यस घटनाका कारण सिर्जनात्मक काम र लेखनकार्य निरुत्साहित भएर गयो । चेतनाको गला रेटेर राणाहरूले आफ्नो आयु लम्ब्याउने सपना देखे । त्यसो गर्न र आतङ्कको प्रचार गरेर राज्यको प्रभाव कायम गर्नकै लागि नियोजित रूपमा 'मकैपर्व' गराइएको देखिन्छ ।

लेखक तथा कवि कृष्णलाल प्रगतिशील सोचाइ भएका सर्जक थिए भन्न सकिन्छ किनकि त्यसबेलाको अन्धकार युगमा सबैको भलो चाहनु र त्यसका लागि त्यस्तो जोखिम मोल्नु सामान्य विषय थिएन । त्यसबेलाको सङ्कीर्ण सामन्ती समाजमा अर्काका लागि, देशका लागि केही गर्ने भावना जागृत हुनु आफैँमा प्रगतिशील चिन्तनको परिणाम हो । एकातिर कृष्णलालको महिमाबाट तर्सिएका शासक चन्द्रशमशेरले घटनालगत्तै नक्कली 'मकैको खेती' प्रकाशित गरेर त्यसको न्यूनीकरण गर्न खोजे । २००७ सालपछि कृष्णलालका सकारात्मक पक्षहरू प्रकाशमा आउन थाले तर कतिपय लेखकहरूको धारणा हेर्दा उनलाई अलौकिकता प्रदान गर्न खोजेको पनि देखिन्छ । त्यसो गर्दा पनि प्रकारान्तरले कृष्णलालको व्यक्तित्व र कृतित्वप्रति विभ्रम उत्पन्न हुन जान्छ । त्यसैले, यथार्थको सही प्रकटीकरण आवश्यक छ । कृष्णलाल नेपाली प्रगतिशील चेतना प्रवाह गर्ने कार्यमा संलग्न एकजना देशभक्त, समाजसेवी र प्रगतिशील स्रष्टा थिए । त्यसअर्थमा उनले प्रथम साहित्यिक सहिदको गौरव प्राप्त गरेका छन् ।

## कविता

### तिमी भन् नेपाल बन्नू



अतृप्त पाण्डेय

म लड्दै मरेँछु भने
म फुल्दै भरेँछु भने
तिमी भन् नेपाल बन्नू
तिमी भन् हिमाल बन्नू
म लड्दै मरेँछु भने॥
तिमी भन् नेपाल बन्नू !
पुर्खाको नासो हो यो
सबको चासो छ यो

भोली कसैले भरी
हेपी कोली अरूले टेके
तिमी भन् आयुध बन्नू
तिमी भन् बारुद बन्नू
तिमी भन् मशाल बन्नू
म लड्दै मरेँछु भने॥
तिमी भन् नेपाल बन्नू !

मानोको मुरी हो यो
माटो मुटुको यो
आँखी कसैले गरी
काखी अरूले ठोके
तिमी भन् हतियार बन्नू
तिमी भन् विशाल बन्नू
म लड्दै मरेछु भने॥
तिमी भन् नेपाल बन्नू !
मागी केही नखाई
बागी भई नबाँची
शिरोबिन्दुको सगरमाथा
विश्वबन्धुत्वको गौरवगाथा
बचाई म लड्दै मरेँछु भने
तिमी भन् नेपाल बन्नू
अरू थप मर्नुपरेछ भने
तिमी अगिसरा भएर
मृत्यु मन पराई मर्नू
तिमी शत्रु मराई मर्नू
शत्रुको चिहान बन्ने
पहिचान बचाई मर्नू
निशान फहराई मर्नू !

तिमी भन् नेपाल बचाई मर्नू
तिमी भन् हिमाल बचाई मर्नू
म लड्दै मरेछु भने॥
तिमी भन् नेपाल बन्नू
तिमी भन् नेपाल बन्नू !

### तिमी र म

आईबीपी परिवेश

तिमीसँग बन्दुक छ, मसँग छैन !
तिमीसँग सेना छ, मसँग छैन !
तिमीसँग पुलिस छ, मसँग छैन !
तिमीसँग डन छ, मसँग छैन !
तिमीसँग कानुन छ, मसँग छैन !
तिमीसँग अदालत छ, मसँग छैन !
तिमीसँग सरकार छ, मसँग छैन !
तिमीसँग दलाल पुँजीवादी सत्ता छ, मसँग छैन !
त्यसैले तिमी साँढे भएका छौ, म भाको छैन !
ठीक त्यसैगरी
जतिबेला मसँग बन्दुक हुनेछ
त्यतिबेला तिम्रो हैकम चल्नेवाला छैन !
जतिबेला मसँग जनसेना हुनेछ, देश पराधीन हुनेछैन !
जतिबेला मसँग जनमिलिसिया हुनेछ, जनता असुरक्षित हुनेछैन !
जतिबेला मसँग जनसरकार हुनेछ, जनता भोकै बस्नुपर्ने छैन !
जतिबेला मसँग जनअदालत हुनेछ, श्रमिक जनता उत्पीडित हुनेछैन !
जतिबेला मसँग जनमुखी कानुन हुनेछ, जनता अन्यायमा पर्नेछैन !
जतिबेला मसँग यी सबै हुनेछन्, त्यतिबेला तिम्रो विनासलाई कसैले रोक्न सक्नेछैन !
जतिबेला मसँग वैज्ञानिक समाजवाद हुनेछ,
त्यतिबेला तिम्रो लूटको स्वर्ग दलाल पुँजीवादलाई बचाउने कोही हुनेछैन !

# विप्लव र वैद्यसँग छिट्टै पार्टी एकता हुन्छ : किराँती

■ रातो खबर संवाददाता/काठमाडौं

पुनर्गठित नेकपा (माओवादी केन्द्र) का अध्यक्ष गोपाल किराँतीले नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) सँग चाँडै पार्टी एकता हुने बताएका छन् । उनले तत्कालीन माके अध्यक्ष पुष्पकमल दाहाल एमालेमा विलय भएसँगै जनयुद्धका उपलब्धिमा आएको परकम्पन रोक्न सच्चा माओवादीहरूबीचको एकता हुन आवश्यक भएको धारणा व्यक्त गरे ।

राजधानीमा उक्त पार्टी निकट अखिल क्रान्तिकारीको २२ औं राष्ट्रिय सम्मेलनलाई सोमबार सम्बोधन गर्दै अध्यक्ष किराँतीले नेपालको राजनीतिक इतिहासमा जनयुद्धभन्दा अर्को ठूलो इतिहास नभएको तर त्यसको आधारलाई दाहालले नामेट पार्ने प्रयत्न गरेको बताए । उनले क्रान्तिकारी शक्तिहरूबीच एकताका लागि छलफल भैरहेकोसमेत बताए ।

अध्यक्ष किराँतीले जनयुद्धको नेतृत्वकर्तामध्येका एक बाबुरामले माओवादी क्याम्प परित्याग गरेको र प्रचण्ड एमालेकरण भएर माओवादविरोधी धार बलियो बनाउन लागेको प्रस्ट पारे । उनले विप्लव, वैद्य र आफूहरू पनि एक भएर माओवादी धारलाई बलियो बनाउनुको विकल्प नरहेको बताए ।

बाबुरामले कम्युनिस्ट विचारै त्यागेको र प्रचण्ड प्रतिक्रियावादलाई दरो बनाउन लागेको भन्दै आफूहरू आफ्नो आदर्श जोगाउन तयार रहेको धारणा अध्यक्ष किराँतीको थियो ।

सोही कार्यक्रममा विप्लव नेतृत्वको नेकपा निकट अखिल क्रान्तिकारीका अध्यक्ष चिरञ्जीवी ढकालले सरकारले नेपाली जनताको झुपडीमा गएर



आतङ्क मच्चाउन थालेको बताए । नेपाल विद्यार्थी सङ्घका अध्यक्ष नैनसिंह महरले नेपालको शिक्षा जीवन उपयोगी तथा व्यावहारिक हुनुपर्ने र त्यसका लागि विद्यार्थी सङ्गठनहरूले पहल गर्नुपर्ने धारणा राखे ।

त्यसैगरी नयाँ शक्ति विद्यार्थी युनियनका अध्यक्ष स्यामबाबु गौतमले सरकारको दुईतिहाइको दम्भका कारण जनता निकै प्रताडित भएको र सबै त्यो घमण्डविरुद्ध एक हुनुपर्ने धारणा राखे ।

# क्रान्तिकारी ध्रुवीकरण तीव्र

■ रातो खबर संवाददाता/काठमाडौं

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी र मोहन वैद्य नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूबीच एकता हुनुपर्ने बहस र छलफल अघि बढाइरहेको बेला स्थानीय स्तरमा क्रान्तिकारी ध्रुवीकरणको प्रक्रिया चलिरहेको छ ।

यसैबीच रोल्पामा विभिन्न पार्टी परित्याग गरी २५ भन्दा बढी युवा नेपाल कम्युनिस्ट पार्टीमा प्रवेश गरेका छन् । नेकपाले सञ्चालन गरिरहेको सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानमा पूर्वएमाले, माके र नेपाली काङ्ग्रेसका नेता-कार्यकर्ता नेपाल कम्युनिस्ट पार्टीका विभिन्न जनवर्गीय सङ्गठन र नेकपामा प्रवेश गरेका हुन् । नेकपामा प्रवेश गर्नेहरूले प्रचण्डले जनयुद्धका मूल्यमान्यतालाई सखाप बनाएको, पार्टी र जनतालाई धोका दिएको, युद्धको प्रक्रियाबाट आएको पार्टीलाई एमालेमा विलय गराएको र काङ्ग्रेसले जनभावनाअनुसार काम गर्न नसकेको भन्दै क्रान्तिको प्रक्रियामा अघि बढेको पार्टी नेकपामा प्रवेश गरेको बताएका छन् । एक अर्को खबरअनुसार रोल्पामै नेकपाले युवा सङ्गठन योङ रेड फोर्स र स्थानीय जनसत्ता गठन गरिरहेको छ ।

यसअघि दाङ, सुर्खेत, कालीकोटलगायत विभिन्न ठाउँका पूर्वमाके, एमाले र काङ्ग्रेसका कार्यकर्ता विप्लव नेतृत्वको नेकपामा प्रवेश गरेका थिए ।

# खुला सभाबाटै नेकपाका नेता गिरफ्तार

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका रोल्पा जिल्ला सेक्रेटरी सन्तोष सुवेदी 'प्रयास' लाई प्रहरीले शान्तिपूर्ण तरिकाले भइरहेको जनसभाबाटै गिरफ्तार गरेको छ । सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान देशैभर चलाइरहेको उक्त पार्टीले सोमबार रोल्पा नगरपालिका वडा नं. १० भनभनेमा जनसभा आयोजना गरेको थियो । उक्त सभाबाटै सुवेदीलाई गिरफ्तार गरिएको नेकपाको राप्ती ब्युरोले जनाएको छ ।

नेकपाका राप्ती ब्युरो इन्चार्ज सुवासले सोमबारै प्रेसविज्ञप्ति जारी गरी प्रहरी प्रशासनबाट अपहरणशैलीमा आफ्ना नेता गिरफ्तार गरिएको भन्दै बिनासर्त रिहाइको माग गरेका छन् । पार्टीको केन्द्रीय सदस्यसमेत रहेका इन्चार्ज सुवासद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सरकारको गिरफ्तारी र धरपकडले हाम्रो अभियान रोकिँदैन, बरु तीव्रतम तरिकाले अगाडि बढ्ने कुरा जानकारी गराउँदै उक्त अभियानमा साथ दिन आम जनसमुदायमा हार्दिक अपिल गर्दछौं । साथै गिरफ्तार कमरेडलाई बिनासर्त रिहा नगरे पार्टी चरणबद्ध सङ्घर्षमा जान बाध्य हुने चेतावनी पनि यसै विज्ञप्तिमार्फत दिन चाहन्छौं ।'

नेकपाले अहिले सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान देशभर चलाइरहेको जनाएको छ । अभियानमा भेला, सम्मेलन, सभाहरूसमेत भइरहेका छन् । अभियानका क्रममा क्रान्तिकारीहरूको ध्रुवीकरण र एकीकरण प्रक्रिया पनि अघि बढिरहेको उक्त पार्टीले जनाएको छ ।

## ठग म्यानपावर ...

नाममा म्यानपावर धन्दासमेत चलाएको स्थानीयले बताएका छन् ।

उक्त म्यानपावर कम्पनीले महिलाहरुलाई दिल्लीको बाटो हुँदै बेचबिखन गरेको दाबी फोर्सको छ । उक्त म्यानपावरबाट विदेश गएका र अलपत्र परेर फर्किएका युवाको पैसा फिर्ता नगरी डरधम्की दिएको रेड फोर्सले जनाएको छ । कारबाहीलाई अटेर गरे थप सशक्त कारबाही गर्ने चेतावनीसमेत फोर्सले दिएको छ ।

# गिरफ्तारीविरुद्ध जिल्ला बन्द

नेपाल कम्युनिस्ट पार्टीले पार्टी प्रवक्ता प्रकाण्डलगायत नेताहरूको गिरफ्तारीविरुद्ध भदौ ३१ गते उदयपुर बन्द गरेको छ । नेकपा नेता प्रकाण्डलाई सर्वोच्चले रिहाइका लागि पटकपटक आदेश दिँदा पनि उदयपुर पुऱ्याएको भन्दै नेकपा उदयपुरले जिल्ला बन्दको घोषणा गरेको हो ।

नेकपा उदयपुरका इन्चार्ज बाबुराम र सेक्रेटरी प्रशान्तले विज्ञप्ति जारी गरेर पार्टीका प्रवक्ता प्रकाण्डलाई पटकपटक सर्वोच्च अदालतको आदेश लत्याउँदै अदालत परिसरबाट नै गिरफ्तार गरी उदयपुर पुऱ्याएको भन्दै जिल्ला बन्द आह्वान गरिएको बताए ।

साथै विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टीका प्रवक्ता प्रकाण्ड, केन्द्रीय सदस्य एवम् सगरमाथा ब्युरो इन्चार्ज क. दीपेश राई, ब्युरो सदस्य कमरेड शैलेश र राकेश राईलाई झूट्टा मुद्दामा अन्य जिल्लाबाट गिरफ्तार गरी अदालतले रिहा गर्न दिएको आदेशलाई लत्याउँदै सरकारको निर्देशनमा प्रशासनले गिरफ्तार गरी झूट्टा मुद्दामा फसाउने षड्यन्त्र गरेकाले हाम्रो जिल्ला पार्टीलाई गम्भीर बनाएको छ ।'

## क्रान्तिकारी शक्ति ...

गरेर अघि बढ्ने र त्यसका लागि आफ्नो पार्टीमा कुनै विवाद नरहेको पनि स्पष्ट पारेका छन् ।

मोहन वैद्य 'किरण' को उक्त भनाइलाई पुष्टि गर्दै विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' पार्टी एकताका लागि दुई पार्टीबीचको छलफल सकारात्मक दिशामा अघि बढिरहेको बताएका छन् । उनले सबै क्रान्तिकारी शक्तिहरूसँग प्रयत्न भैरहेको भए पनि मुख्य गरी वैद्यसँग नजिक रहेको भन्दै नमिलेको विषय मिलाउने प्रयत्नमा रहेको बताएका छन् । उनले मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद- माओवादका विषयमा दुई पार्टीबीच कुनै समस्या नरहेको बताएका छन् । यस्तै परिस्थितिको विश्लेषण र प्रमुख राजनीतिक दुस्मनका बारेमा पनि दुई पार्टीको समान विश्लेषण रहेको उनको भनाइ छ । नेकपाको मध्य-केन्द्रीय कमान्डका इन्चार्जसमेत रहेका नेता सुदर्शनका अनुसार देशको प्रमुख दुस्मन दलाल पुँजीवाद हो भन्ने विषयमा दुई पार्टीको समान धारणा छ । उनले भने, 'हाम्रो छलफल अहिले कार्यदिशा र कार्यक्रममा जारी छ । उहाँहरूले क्रान्ति र नयाँखाले जनविद्रोह भन्नुभएको छ । हामीले एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवाद भनेका छौं । यसैमा हाम्रो छलफल भैरहको छ । '

क्रान्तिकारी शक्तिहरूबीच पार्टी एकता हुनुपर्ने विषय सबैतिरबाट उठिरहेको बेला केही समय पहिले पार्टी पुनर्गठन गरेका नेकपा (माओवादी केन्द्र) का अध्यक्ष गोपाल किराँतीले पनि विप्लव र वैद्यसँग पार्टी एकता हुन सक्ने बताएका छन् । यस्तै अर्को कम्युनिस्ट घटकको नेतृत्व गरेका ऋषि कट्टेलले पनि सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूबीच एकता आवश्यक भएको भन्दै त्यसका लागि आफू तयार रहेको सङ्केत गरेका छन् ।

रातो खबरसँग कुरा गर्दै क्रान्तिकारी माओवादीका महासचिव किरणले क्रान्तिका लागि वस्तुगत आधार तयार बनिसकेको भए पनि आत्मगत अवस्था कमजोर भएका कारण अबको अपरिहार्य आवश्यकता भनेको क्रान्तिकारीहरूबीचको एकता रहेको बताए । किरणले पुरानो राज्यसत्ता, दलाल पुँजीपति वर्गको रक्षाकवचका रूपमा रहेकाले राज्यसत्ता, सरकार, दक्षिणपन्थी संशोधनवाद, यी सबैको भण्डाफोर गर्दै सच्चा क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गर्ने दिशातिर ठूलो मेहनत गर्नुपर्ने आवश्यकतामा जोड दिएका छन् ।

## फासिवाद विरुद्ध ...

सरकारले अदालतले दिएको आदेश उल्लङ्घन गरेर नेकपा प्रवक्ता प्रकाण्डलगायत नेताहरूलाई बारम्बार गिरफ्तार गर्दै नेपालमा पनि फासिवाद नाङ्गो रूपमा आएको ठोकुवा गरे ।

वामपन्थी बुद्धिजीवी तथा विश्लेषक हरि रोकाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सरकारमा आएपछि फासिवाद नाङ्गो रूपमा आएको बताए । बरबर राव, गौतम नवलखा, सुधा भारद्ववाजलगायत सामाजिक अभियान्तालाई गिरफ्तार गर्ने मोदी निर्वाचित तानाशाह भएको उनको भनाइ थियो । भारतमा फासिवाद नाङ्गो रूपमा आएको र त्यसको प्रभाव नेपालमा बढिरहेको बताउँदै रोकाले नेकपाका प्रवक्ता प्रकाण्ड रिहा हुँदा पनि लगातारको गिरफ्तारी त्यसैको परिणाम भएको धारणा राखे ।

पत्रकार तथा वाम बुद्धिजीवी तुल्सी महर्जनले पुँजीवाद आएको सङ्कटलाई टार्न फासिवादलाई अगाडि ल्याइएको बताए । फासिवादले आफैंले बनाएका कानुन नमान्ने भन्दै महर्जनले भारतीय सामाजिक अभियन्ता तथा वाम बुद्धिजीवीमाथिको दमन त्यसैको परिणाम भएको बताए ।

दक्षिणपन्थविरुद्ध मार्क्सवादीहरूले मात्रै सङ्घर्ष गर्नसक्ने भन्दै महर्जनले उनीहरू नै त्यहाँ पुगेपछि फासिवाद रोक्न नसकिने गरी नाङ्गो रूपमा आउने गरेको बताए । उनले नेपाली कम्युनिस्टहरू दक्षिणपन्थविरुद्धको सङ्घर्षबाट पछि हटेको कारण फासिवाद अगाडि आएको बताए ।

भुटानी शर्णार्थी नेता एनबी गिरीले भारतीय फासिवादकै कारण आफूहरू भुटानबाट लखेटिएको बताए । इन्दिरा गान्धी र राजीव गान्धीकै योजनामा भुटानी राजाले नेपालीभाषीमाथि देशद्रोहको आरोप लगाउँदै दमन गरेको बताए ।

कवि निभा शाहले भारतीय वाम बुद्धिजीवी तथा सामाजिक अभियन्ताहरूले नेपालमा गणतन्त्र ल्याउन ठूलो सहयोग गरेको बताइन् । नेपालमा गणतन्त्र ल्याउन सहयोग गर्ने भारतका सामाजिक अभियन्ताहरूलाई गिरफ्तार गर्दा पनि तत्कालीन माओवादी चुप लागेकाले त्यो साम्राज्यवादी कम्युनिस्ट भएको उनको भनाइ थियो ।

## संविधानका तीन ...

छ । भारतसँग नजिकिने नाममा उससँग अनावश्यक सहमति र सम्झौताहरू भएका छन् । नेपाल सरकारको आधिकारिक नेपालको निशानाछाप भएको नक्सामा कालापानी नै छैन । जनताको व्यापक विरोध हुँदाहुँदै अरुण ३ भारतीय कम्पनी सतलजले निर्माण गर्न थालेको छ । विवादास्पद नागरिकता विधेयक ल्याइएको छ । भारतले आफ्ना हितमा तयार पारेका बिमस्टेकको योजनामा बहेर सार्कलाई नजरअन्दाज गर्न पुगेको छ । स्थानीय तह जनताका लागि कर आतङ्क भएर देखापरेको छ ।

संविधान निर्माण, कार्यान्वयन र सबै तहका सरकारहरूको रबैयाले सरकारमा रहेका पार्टीको अक्षमता के छ भने यो सत्ताको नै खराबी हो भनी जनताले पहिचान गरिराखेका छन् । त्यसैले यी तीनवटा वर्षले संविधानमा प्रश्नहरू प्रशस्तै उठेका छन् । यी प्रश्नहरूको सही जबाफ यहींबाट सजिलै पाउने सक्ने अवस्था देखिएको छैन ।




**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

Lalitpur Engineering College (Affiliates to TU) announces

# Admission Open BCA

"A Course that can change the Course of your Life"




**BCA** (Bachelor of Computer Application)
Application deadline: 12 Asoj 2075,16 Asoj (Double fee)
Entrance Exam:19 Asoj 2075
Eligibility:10+2 equivalent with minimum 2.0 CGPA & at least D+ in all subjects

**Our Features**
- Faculty members with reputed degrees
- Industry based Faculty members
- Industry based internship
- Project works based learning methodology
- 1:1 ration of computers and students
- Visiting faculties from software industries
- Frequently seminar organized by IT-experts

**Career Prospects**
- Software Industries
- Research and Development
- Academics
- Financial Institutions
- NGO/INGO
- Government recruitment

*"COLLEGE REMAINS OPEN ON HOLIDAYS AS WELL"*

**Lalitpur Engineering College**
Chakupat, Lalitpur, Nepal
Tel: 01-5260215, 01-5260216
Email: info@lec.edu.np
www.lec.edu.np

नेपाल सरकार

## राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

केन्द्रीय आयोजना कार्यान्वयन इकाई

## अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार

भूकम्पीय आवास पुनर्निर्माण शाखा

**वि.सं २०७२ साल वैशाख १२ गतेको विनाशकारी महाभूकम्प र तत्पश्चातका पराकम्पनबाट प्रभावित ३२ सै जिल्लाका भूकम्प पीडित लाभग्राहीहरुले निजी आवास अनुदानको किस्ता रकम लिइसक्नुपर्ने समयसिमा सम्बन्धी जरुरी सूचना।**

| क्र.सं. | विषय | समयावधि |
|---|---|---|
| क. | **पहिलो किस्ता प्राप्त गरिसकेका लाभग्राहीको हकमा** | |
| | १) २०७५ असार मसान्तसम्म प्रथम किस्ता प्राप्त गर्ने निजी लाभग्राहीले दोस्रो किस्ता लिइसक्ने । | २०७५ पौष मसान्तभित्र |
| | २) २०७५ पौष मसान्तसम्म दोस्रो किस्ता प्राप्त गर्ने निजी लाभग्राहीले तेस्रो किस्ता लिइसक्ने । | २०७६ वैशाख मसान्तभित्र |
| ख. | **पहिलो किस्ता समेत प्राप्त गर्न बाँकी लाभग्राहीको हकमा** | |
| | १) पहिचान भएका सबै लाभग्राहीहरुसँग अनुदान सम्झौता सम्पन्न गरी प्रथम किस्ता प्राप्त गर्ने | २०७५ कार्तिक मसान्तभित्र |
| | २) २०७५ कार्तिक मसान्तसम्म पहिलो किस्ता प्राप्त गर्ने लाभग्राहीले तेस्रो किस्ता लिइसक्ने । | २०७५ माघ मसान्तभित्र |
| | ३) २०७५ माघ मसान्तसम्म दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीले तेस्रो किस्ता लिइसक्ने | २०७६ जेठ मसान्तभित्र |
| ग. | गुनासो सुनुवाईबाट आएका र पुनः सर्भेक्षण, जोखिम (Vulner-able) वर्ग, परम्परागत बस्ती, एवं बस्ती स्थान्तरणबाट आउने लाभग्राहीहरुका लागि उल्लेखित अनुदान किस्ता प्राप्त गर्ने समयावधि कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ । | |





**BCA, TU**
Application deadline:
- 12 Asoj 2075,
16 Ashoj 2075 (Double Fee)

Entrance Exam:
- 19 Asoj 2075

Eligibility:
- 10+2 or equivalent in any discipline with minimum 2 CGPA and D+ in each Subject.

**B.Sc. CSIT, TU**
Application deadline:
- Bhadra 27, 2075,
Ashwin 1, 2075 ( Double Fee )

Entrance Exam:
- Ashwin 11, 2075

Eligibility:
Minimum 2nd division in
- +2 or equivalent OR at least C in all subjects in Grade 11 and Grade 12 by taking Physics and Mathematics of 100 marks.

"OUR STUDENTS ARE SUCCESSFUL, BECAUSE WE TAKE CARE OF TECHNICAL TRAINING, SOFT SKILLS, INDUSTRIAL EXPOSURE, INTERNSHIP, AND PLACEMENT OPPORTUNITY."

**Under the Management of Sagarmatha Engineering College**

"NURTURING YOUR COMPUTER INSTINCTS IN AN ENGINEERING ENVIRONMENT"

Sanepa, Lalitpur, Nepal, G.P.O. Box: 19910 Tel : 01-5527274, 01-5547463
Fax : 01-5548252 Web : www.scst.edu.np Email : info@sagarmatha.edu.np
*COLLEGE REMAINS OPEN ON HOLIDAYS AS WELL!

## ; rgf

जनसमुदायको हितका लागि यस्तो बृहत् आयोजना कार्यान्वयन गर्ने क्रममा सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति खानेपानी तथा सरसफाइ मन्त्रालय र आयोजना कार्यान्वयन निर्देशनालय/काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड क्षमायाचना गर्दै यस कार्यमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

| मिति | स्थान | छलफलका विषयहरू | सहभागीहरू |
|---|---|---|---|
| चैत्र २३, २०७४ | बल्खु | मेलम्ची आयोजनाका पाइपहरू बिछ्याउँदा काठमाण्डौ महानगरपालिका (कामपा) वडा नं १४ ले शुरू गरेका निर्माणकार्यहरूमा असर नपरोस् भनी सुनिश्चित गर्न आवश्यक समन्वय गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| चैत्र २८, २०७४ | हाँडीगाउँ | कामपा वडा नम्बर ५ का वडाध्यक्ष र स्थानीयबासीहरूसँग समन्वय गरी मेलम्चीको डिआइ पाइप बिछ्याउने कार्य सुचारू गर्ने | निर्वाचित जनप्रतिनिधिहरू, निर्देशनालयका पदा( धकारीहरू, स्थानीयबासीहरू |
| जेठ ७, २०७५ | मैतीदेवी | खानेपानी आपूर्तिमा सुधार<br>खानेपानीको पाइप बिछ्याइसकेपछि सडक पुनर्स्थापन | काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र निर्देशनालयका पदाधिकारीहरू, स्थानीयबासीहरू |
| जेठ ९, २०७५ | तपर्खे टोल, भक्तपुर | पाइपलाइन बिछ्याउने क्रममा बालीमा क्षति पुगेकोले त्यस वापत् क्षतिपूर्ति दिने<br>पाइप बिछ्याउने क्रममा निजी जमीनको क्षति न्यूनीकरण गर्ने उद्देश्य लिइ आवश्यक उपायहरू अपनाउने | स्थानीय महिलाहरू, निर्देशनालयका पदाधिकारीहरू |
| जेठ २८, २०७५ | टोखा नगरपालिका | नगरपालिकाको वडा नं ९ मा पाइप बिग्रन गइ क्षति पुगेकोले क्षतिपूर्ति सम्बन्धमा छलफल<br>पाइपको मर्मत | निर्वाचित प्रतिनिधिहरू, निर्माण व्यवसायी र परामर्शदाताका प्रतिनिधिहरू |

ugf;f/ ;'emfjsf]nflu
cfof]hgf sfof{jog lgb]{zgfno
sf7df08f}pkTosf vfg]kfgL lnld6]8
cgfdgu/, sf7df08f}+
6f]h–lk| gDa/M !!#(
kmf]g g+$@@@(*^, $@@$(*^ PS:6]; g !#!, kmofS;M $@@$)%&
www.kuklpid.org.np







निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ